निर्माण उद्योग सरकारले गर्ने पूँजीगत खर्चमा बढी निर्भर हुन्छ । तर, सरकारले ठूला परियोजनाको कार्यान्वयन सुस्त छ । त्यस्तै सरकारले निर्माण व्यवसायीलाई गत आर्थिक वर्षको निर्माण सम्पन्न भएका कार्यको भुक्तानीसमेत पूरा गरेको छैन । निर्माण व्यवसायीका अनुसार गत आव ६० अर्ब भुक्तानी बाँकी भएकामा सरकारले १५/१६ अर्ब रुपैयाँ हालसम्म भुक्तानी दिएको छ । पुराना कामको भुक्तानी नभएपछि ठेकेदार कम्पनीले नयाँ काम थाल्न पनि समस्या हुन्छ । यही कारण बैंकहरूलाई कर्जाको साँवाब्याज तिर्न नसक्दा बैंकहरूको खराब कर्जा बढिरहेको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांक हेर्दा गतवर्षदेखि नै निर्माण क्षेत्रको वृद्धिदर नकारात्मक रहेको छ । त्यसले गर्दा

निर्माण उद्योगलाई बचाउन तथा समग्र अर्थतन्त्रलाई चलायमान बनाउन सरकारको पहिलो काम पूँजीगत खर्च बढाउनु हो । त्यस्तै निर्माण क्षेत्रको बक्यौता तुरुन्त भुक्तान गरी नयाँ आयोजनाहरूको ठेक्का सम्झौता गरिहाल्नुपर्छ ।

सबैजसो निर्माण उद्योगले आफ्नो उत्पादन कटौती गरेका छन् । तिनले क्षमताको ४० प्रतिशत पनि उत्पादन नगरेको बताएका छन् ।

घरजग्गाको कारोबार सुस्ताएको छ । शेयरबजारले पनि खासै गति लिएको छैन । त्यसो हुँदा सर्वसाधारणले घर बनाउन सकेका छैनन् । यस क्षेत्रका लागि बैंकमा कर्जा माग पनि बढेको छैन । यी सबैले निर्माण क्षेत्रमा माग बढ्न नसकेको देखिन्छ । त्यसको सिधा असर उद्योगमा पर्ने नै भयो ।

अहिले डन्डी उद्योगको वार्षिक उत्पादन क्षमता ३० लाख टन पुगिसकेको दाबी उद्यमीहरूको छ । बजारमा खपत खस्किएपछि माग भने १० लाख टनको हाराहारी झरेको छ। बजार खस्किएपछि उद्योगीले लागतभन्दा पनि कम मूल्यमा उत्पादन बेचेर घाटा कम गर्ने उपायमा लागेको उद्योगीको भनाइ छ। चालू आवमा निर्माण क्षेत्रले गति लिने सम्भावना कमै देखिएको छ ।

अहिले धमाधम सरकारले गर्ने विकास निर्माणका कामले गति लिने बेला हो । तर, आयोजनाहरूको ठेक्का लागेर काम थालिने संकेत देखापरेको छैन । त्यस्तै, सरकारी विकास खर्चमा कुनै पनि सुधार आएको देखिँदैन । सरकारी हिसाबकिताब राख्ने महालेखा नियन्त्रकको कार्यालयका अनुसार चालू आवको मङ्सिर २१ गतेसम्ममा पूँजीगत खर्च ११ दशमलव २२ प्रतिशत भएको छ । समग्र बजेटको खर्च नै यस अवधिमा २८ दशमलव ३७ प्रतिशत मात्रै छ । सरकारको आमदानी पनि लक्ष्यअनुसार भएको छैन ।

त्यसैले निर्माण उद्योगलाई बचाउन तथा समग्र अर्थतन्त्रलाई चलायमान बनाउन सरकारको पहिलो काम पूँजीगत खर्च बढाउनु हो । त्यस्तै निर्माण क्षेत्रको बक्यौता तुरुन्त भुक्तान गरी नयाँ आयोजनाहरूको ठेक्का सम्झौता गरिहाल्नुपर्छ । त्यस्तै, क्रमागत आयोजनाहरूको काम सुस्त गतिमा भएकाले तिनलाई तीव्रता दिन पनि सरकारले विशेष ढंगले काम गर्नु आवश्यक छ । यसरी काम गर्न सके निर्माण क्षेत्रमा सुधार आउँदै समग्र अर्थतन्त्रलाई नै चलायमान बनाउन मद्दत गर्छ ।

आर्थिक अभियान
१० वर्षअघिको आर्थिक अभियानबाट

चलचित्र तथा सङ्गीत क्षेत्रमा ७ हजार रोजगारी

नेपाली चलचित्र तथा सङ्गीत क्षेत्रमा ७ हजार २ सयले रोजगारी पाएका छन्। केन्द्रीय तथ्याङ्क विभागले हालै गरेको चलचित्र तथा सङ्गीत गणना २०६८ का अनुसार फिचर फिल्म क्षेत्रमा सबैभन्दा बढी रोजगार छन्। चलचित्र निर्माण, प्रोडक्सन, वितरण र प्रदर्शन गरी नेपाली फिल्म उद्योगले ४ हजार ४ सय जनालाई रोजगारी दिएको छ।

चलचित्रपछि धेरै रोजगारी दिनेमा सङ्गीत तथा म्युजिक भिडियो रेकर्डिङ क्षेत्रले १ हजार ९ सयभन्दा बढीले रोजगारी दिएको छ। यस क्षेत्रमा १ सय २ कम्पनी रहेका छन्। विज्ञापन, निर्माण तथा वितरण कम्पनीहरू भने रोजगारीका क्षेत्रमा गुणात्मक हिसाबले अगाडि आएका छन्। सो क्षेत्रमा रहेका ४९ कम्पनीले १ हजार १ सयभन्दा बढीलाई रोजगारी दिएको तथ्याङ्कले देखाएको छ। टेलिभिजन निर्माणका क्षेत्रमा रहेका ५२ कम्पनीले ५ सय ७३ जनालाई रोजगारी दिएका छन्। गणनामा चलचित्र निर्माण, प्रोडक्शन, वितरण, प्रदर्शनदेखि टेलिभिजन कार्यक्रम निर्माण, विज्ञापन चलचित्र निर्माण, म्युजिक तथा म्युजिक भिडियो रेकर्डिङ र अन्य गरी आठ प्रकारका उद्योग समेटिएका छन्।

वर्ष ८, अंक ७६, मंगलवार १९ मङ्सिर, २०६९

ब्याजदरको प्रभाव अर्थतन्त्रमा कस्तो पर्छ ?

कर्जा लगानी नहुँदाका समस्या

मुद्रास्फीति र ब्याजदर असन्तुलनले आर्थिक अस्थिरता, आयमा असमानता, बेरोजगारी, मुद्राको अवमूल्यन, वचतमा ह्रास, सम्पत्तिको मूल्यमा ह्रासलगायत समस्या नेपालले भोग्नु परिरहेकोतर्फ सम्बद्ध निकाय बेलैमा चनाखो हुनुपर्ने देखिन्छ ।

- डा. दिवाकर वशिष्ठ

मुलुकको आर्थिक वृद्धि र स्थिरताको लागि मुद्रास्फीति र ब्याजदरलाई सधैं सन्तुलनमा राख्नुपर्छ । नेपालले मुद्रास्फीतिको अलावा कहिले उच्च ब्याजदर त कहिले न्यून ब्याजदरको सामना गरिरहेको छ । मुद्राको मागमा भन्दा अधिक आपूर्ति, अधिक ऋणको उपलब्धता, मुद्राको क्रयशक्ति घटेको अवस्था, वस्तु तथा सेवाको मूल्यमा वृद्धिजस्ता विशेषता अर्थव्यवस्थामा देखिनु मुद्रास्फीति हो । यस्तो अवस्थामा वस्तु र सेवाको मूल्यमा वृद्धि हुने गर्छ । मानिसको किनमेल गर्ने क्षमतामा ह्रास आउँछ र मुद्राको क्रयशक्तिमा ह्रास एवं बचत र लगानीमा न्यूनता हुने हुँदा अर्थतन्त्रमा यसले ठूलो असर गरेको हुन्छ । माग बढेअनुरूप आपूर्ति नहुने, उत्पादन लागत बढ्ने समस्याले नेपाल अहिले पनि आक्रान्त छ । भौगोलिक जटिलताले उत्पादन र वितरणका लागि कठिनाइ छ ।

समुद्रसम्मको पहुँचको अभावले वस्तु तथा सेवाको मूल्य बढी चुकाउन परेको छ । बाढीपहिरो र प्राकृतिक प्रकोपको पनि नेपालले धेरै सामना गर्नु परेको छ जसले आपूर्ति व्यवस्थापनमा समेत चुनौती थपेको छ । राजनीतिक अस्थिरताका कारण बारम्बारको सरकार तथा नीति नियमको परिवर्तनले पनि अर्थतन्त्रमा प्रभाव पारेको कारण उत्पादन र वितरण प्रभावकारी हुन सकेको देखिँदैन । सामाजिक परम्परा तथा संस्कृति एवं अनपेक्षित रूपमा केही घटना होला कि भनेर बढी स्टक राख्ने प्रवृत्तिले पनि महँगीलाई प्रश्रय दिएको छ । यसले मुद्रास्फीतिलाई थप मलजल गर्छ । बैंक तथा वित्तीय संस्थामा बचत जम्मा गरेबापत ब्याज पाइन्छ भने ऋण लिँदा पनि ब्याज तिर्नुपर्छ ।

व्यावहारिक रूपमा ब्याजदर कर्जाको माग र आपूर्तिको आधारमा निर्धारण गरिन्छ । ब्याजदरले बचत र लगानी गर्न निरुत्साहित गर्ने वा प्रोत्साहित गरी समस्त आर्थिक गतिविधिमा प्रभावित पार्ने भएकाले केन्द्रीय बैंकहरूले यसलाई मौद्रिक नीतिको औजारका रूपमा प्रयोग गर्छन् । केन्द्रीय बैंकले लिएको नीतिले ब्याजदर बढ्ने वा घटने संकेत गर्छ । विस्तारकारी मौद्रिक नीति अपनाउनुपर्ने अवस्थामा अनिवार्य तरलता अनुपात, वैधानिक तरलता अनुपातलगायत अन्य दरहरू केन्द्रीय बैंकले घटाउने गर्छ जसले गर्दा ब्याजदर घटाउन मद्दत पुग्छ । संकुचनकारी मौद्रिक नीति अपनाउनपर्ने अवस्थामा भने यी दरलाई बढाउँछ जसको कारण ब्याजदर पनि बढ्ने गर्छ ।

ब्याजदर र मुद्रास्फीति एकअर्काका परिपूरक हुन् । संकुचनकारी मौद्रिक नीति मूल्यमा स्थायित्व ल्याउन महत्त्वपूर्ण भए तापनि धेरै लामो समयसम्म ब्याजदर उच्च रहेमा यसले रोजगारीमा प्रतिकूल असर पार्नुको साथै आर्थिक वृद्धि खुम्चिन्छ । संकुचनकारी मौद्रिक नीति अपनाएको समयमा केन्द्रीय बैंकले नीतिगत दरलगायत तरलताका दरलाई बढाउँछ, जसले गर्दा अरू ब्याजदर बढ्छ र ऋण लिँदा बढी ब्याजदर तिर्नुपर्छ । परिणाम स्वरूप यसबाट उत्पादन र खर्च गर्न निरुत्साहित हुने भएकाले वस्तु र सेवालगायत अर्थव्यवस्थाको समष्टिगत माग घट्न जान्छ, जसले गर्दा मूल्य घट्न थाल्छ । व्यापारिक क्षेत्रले उत्पादन घटाउन थाल्छन् । बेरोजगारी बढ्छ भने उपभोक्ता र व्यावसायिक दुवै क्षेत्रलाई उच्च मुद्रास्फीतिले अनिश्चितता पैदा गर्ने भएकाले कुनै पनि अवस्थामा यसलाई नियन्त्रण गर्न आवश्यक हुन्छ ।

विगतमा आर्थिक स्थायित्वका लागि नेपाल राष्ट्र बैंकले मुद्रास्फीति नियन्त्रण गर्न कसिलो मौद्रिक नीति अपनायो र नीतिगत दरमा वृद्धि गऱ्यो । फलस्वरूप बैंकको ब्याजदर वृद्धि भयो । मुद्रास्फीतिका कारण वस्तु र सेवाको मूल्यमा वृद्धि भयो जसले गर्दा मुद्राको क्रयशक्ति घट्न गई अर्थतन्त्रमा कठिनाइ उत्पन्न भयो । नागरिकले वस्तु र सेवा उपभोग गर्न पहिलेको तुलनामा बढी मुद्रा खर्च गर्नुपर्ने भयो । सर्वसाधारणले पहिलेको तुलनामा कम परिमाणमा वस्तु र सेवा उपभोग गर्न थाले । बजारमा वस्तु तथा सेवाको माग कम भयो । फलतः व्यावसायिकलगायत क्षेत्रलाई बैंक ऋणसमेत भुक्तानी गर्न कठिनाइ भयो । बैंकिङ क्षेत्रको भाखा नाघेको कर्जामा समेत उच्च वृद्धि हुन पुग्यो । यसले गर्दा बजारमा उत्पादित वस्तु र सेवाको उपभोग नहुने भएकाले व्यवसायीले उत्पादन घटाउँदै लगे । बेरोजगारी दर, विदेशपलायन वृद्धि हुँदै गयो ।

स्वस्थ अर्थव्यवस्थाका लागि न्यून र उच्च मुद्रास्फीतिबीच सन्तुलन हुनुपर्छ । मुद्रास्फीति नियन्त्रण गर्ने उपाय अवलम्बन गर्नुभन्दा पहिले मुद्रास्फीतिको कारण पत्ता लगाउनुपर्छ र त्यसैअनुरूप मौद्रिक र वित्त नीतिमार्फत नीतिगत हस्तक्षेप गर्नुपर्छ । ब्याजदर अत्यन्त न्यून भएका कारण वस्तु र सेवाको समष्टिगत माग बढेर मुद्रास्फीतिको दर बढेको छ भने केन्द्रीय बैंकले ब्याजदर बढाउनेजस्ता माग घटाउने मुद्रास्फीति विरोधी नीतिहरू अवलम्बन गर्नुपर्छ । नेपालको सन्दर्भमा भारतीय मुद्रासँग स्थिर विनिमयदर कायम गरिएकाले मुद्रास्फीतिलाई सन्तुलित बनाउन ब्याजदर नियन्त्रणमा ल्याउनुपर्छ। उच्च मुद्रास्फीति नै मुद्रा संकुचनको एक प्रमुख कारण हो ।

यस्तो समयमा उपभोक्ताले वस्तु र सेवाको उपभोग गर्न नसक्ने भएकाले व्यावसायिक क्षेत्रले उत्पादन घटाउनुपर्छ जसले गर्दा बेरोजगारी बढ्ने र क्रयशक्ति घट्ने भएकाले थप उत्पादन हुन सक्दैन । तसर्थ अर्थतन्त्रलाई बिग्रन नदिन यसलाई छिटो नियन्त्रण गर्नुपर्छ । विकसित देशका केन्द्रीय बैंकहरूले मौद्रिक नीति निर्माण गर्दा मुद्रास्फीतिको लक्ष्य तोकेका हुन्छन् र त्यसैअनुसार नै मौद्रिक नीति निर्माण गर्छन् । उच्च मुद्रास्फीतिले हरेक वर्गका जनताको आशा र हरेक क्षेत्रको नीति निर्माणमा प्रतिकूल असर पार्छ । हरेक नागरिकले वस्तु तथा सेवाको मूल्य सस्तो होस्, बैंक ब्याजदर घटोस् र जीवनस्तर सहज होस् भन्ने कल्पना गरेका हुन्छन् । राजनीतिक दलले आफूनो चुनावी घोषणापत्रमा पनि बजार भाउ नियन्त्रण गर्ने, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत विषयलाई निःशुल्क बनाउनेजस्ता लोकप्रिय कुरा उल्लेख गरेका हुन्छन् ।

ब्याजदर र मुद्रास्फीति एकअर्काका परिपूरक हुन् । संकुचनकारी मौद्रिक नीति मूल्यमा स्थायित्व ल्याउन महत्त्वपूर्ण भए तापनि धेरै लामो समयसम्म ब्याजदर उच्च रहेमा यसले रोजगारीमा प्रतिकूल असर पार्नुको साथै आर्थिक वृद्धि खुम्चिन्छ ।

नेपालमा विकास खर्चमा न्यूनता यथावत् छ भने उचित परियोजना छनोट र तदनुरूप प्रस्तावको अभावमा प्रतिबद्धता जनाइसकेको वैदेशिक अनुदानसमेत प्राप्त हुन सकेको छैन । घाटा बजेट पूरा गर्न आन्तरिक र बाह्य ऋण लिनुपर्ने हुन्छ । यसको साँवाब्याज भुक्तानी गर्नुपर्ने हुन्छ जसले गर्दा सरकारी खर्च बढ्छ र यो थप मुद्रास्फीतिको कारण बनिरहेको छ । केन्द्रीय बैंकले मौद्रिक नीति निर्माण गर्दा पनि सरकारी बजेटले निर्धारण गरेको मुद्रास्फीतिको दरलाई लक्षित गरेर मुद्राप्रदाय र ब्याजदरलाई सन्तुलनमा राख्नुपर्ने हुन्छ ।

कोरोनाबाट प्रभावित विश्व अर्थतन्त्रले गति लिन लागेको समयमा सन् २०२२ को शुरुआतमा रूस-युक्रेनबीचको युद्धका कारण यसमा थप नकारात्मक असर परेको देखिन्छ । तत्कालीन अवस्थामा अन्तरराष्ट्रियस्तरमा देखापरेको उच्च मुद्रास्फीति नियन्त्रण गर्न अधिकांश केन्द्रीय बैंकले कसिलो मौद्रिक नीति अवलम्बन गरेको देखिन्छ । अन्तरराष्ट्रिय मुद्राकोषका अनुसार रूस र युक्रेन युद्धका कारण मुद्रास्फीतिलाई नियन्त्रण गर्न विश्वभरका केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत नीतिगत दर बढाउनुका साथै बैंक ब्याजदरमा पनि वृद्धि गरेका थिए ।

हाल मुद्रास्फीतिमा क्रमिक सुधार देखिएसँगै अन्तरराष्ट्रिय स्तरमा खुकुलो मौद्रिक नीति अवलम्बन गर्न थालेका छन् । अमेरिकालगायत विश्वका कतिपय बैंकले आफ्नो ब्याजदर क्रमशः कम गर्दै लगेका छन् । नेपालमा समेत मुद्रास्फीतिमा सुधार आएको र मौद्रिक नीति पनि क्रमशः लचिलो बन्दै गएको छ । तरलता बढेका कारण बैंकिङ क्षेत्रले नीतिगत दर र ब्याजदर क्रमशः घटाइरहेको अवस्था छ । अधिक तरलताका कारण बैंक तथा वित्तीय संस्थाको ३ खर्ब ५७ अर्ब बराबर केन्द्रीय बैंकमा जम्मा भएको छ । दैनिकजसो रिभर्स रिपोको रूपमा तरलता प्रशोचन गरिरहनु परेको छ ।

ब्याजदर घटेर औसतमा एकल अंक करीब ६ प्रतिशत कायम हुँदा पनि कर्जा माग बढ्न सकेको छैन । बरु यसले निक्षेपको पनि ब्याजदर घट्ने हुँदा पूँजी पलायनको सम्भावना बढेको छ । झिनो लगानी पनि अनुत्पादक क्षेत्रतर्फ गइरहेको देखिन्छ। लगानीको वातावरण कसरी निर्माण गर्ने भन्नेमा बैंकहरू तल्लीन हुनुपर्ने देखिन्छ । ब्याजदरको कारण बचतमा हुने न्यून प्रतिफलको कारण सर्वसाधारणले अनौपचारिक क्षेत्रतर्फ रकमान्तर गर्ने सम्भावना बढेको छ । अधिक तरलता धेरै समय रहेको अवस्था बैंकिङ क्षेत्रले भोगेको छ । यसले मुद्रास्फीति हुन गई वस्तु तथा सेवाको मूल्य वृद्धि नियन्त्रणमा आउन सकेको छैन ।

हाल मुद्रास्फीति, ब्याजदर, आर्थिक मन्दी, राजनीतिक अस्थिरता, सुशासनको अभावलगायतले व्यावसायिक वातावरण प्रतिकूल रहेको देखिन्छ । बैंकहरूको खराब कर्जा बढी करीब ४ प्रतिशतभन्दा माथि उकालो लागेको छ । वित्त कम्पनीहरूको भने औसतमा करीब ११ प्रतिशतको हाराहारीमा निष्क्रिय कर्जा रहेको छ । साथै लघुवित्तको पनि सरदरमा १२ प्रतिशतवाट उकालो लागेको अवस्था छ । । तसर्थ मुद्रास्फीति र ब्याजदर असन्तुलनले आर्थिक अस्थिरता, आयमा असमानता, बेरोजगारी, मुद्राको अवमूल्यन, बचतमा ह्रास, सम्पत्तिको मूल्यमा ह्रासलगायत समस्या नेपालले भोग्नु परिरहेकोतर्फ सम्बद्ध निकाय बेलैमा चनाखो हुनुपर्ने देखिन्छ ।

लेखक बैंक तथा वित्तीय संस्थासम्बन्धी जानकार हुन् ।

करका कुरा

कर लेखाङ्कन र समय

कर प्रयोजनका लागि प्राकृतिक व्यक्तिको रोजगारी तथा लगानीबाट प्राप्त आय नगद आधारमा लेखाङ्कन गर्न अनिवार्य गरेको छ भने व्यवसायको आय नगद वा एक्रुयल आधारमा राख्न सकिने व्यवस्था भने ऐच्छिक रहेको छ ।

- तुलसी काफ्ले

कर तथा वित्तीय प्रयोजनका लागि राखिने लेखा फरकफरक हुनसक्छ । कर लेखांकनलाई करसम्बन्धी कानूनले निर्देशित गर्ने भएकाले कर लेखाङ्कनका सिद्धान्तहरू वित्तीय लेखाङ्कनका सिद्धान्तभन्दा फरक हुन सक्छन् । आयकर ऐनमा लेखाङ्कनको व्यवस्था उल्लेख भएकोमा सोहीबमोजिम (हिसाबकिताब) लेखा राखिन्छ । तर, ऐनमा लेखाङ्कनको व्यवस्था उल्लेख नभएको अवस्थामा भने नेपाल चार्टर्ड एकाउटेन्ट संस्थाबाट अवलम्बन गरिएको लेखामानको आधारमा वा कुनै अन्तरराष्ट्रिय मापदण्डका आधारमा वा आन्तरिक राजस्व विभागबाट तोकिएको आधारमा वा प्रचलित उत्तम अभ्यासको आधारमा लेखा राख्नुपर्ने कुरालाई आयकर नियमावलीले थप स्पष्ट गरेको छ ।

कुनै व्यक्तिले कुनै आय कहिले प्राप्त गर्छ र कहिले कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण गरी सोही आधारमा लेखाङ्कन गर्नुपर्छ । निकाय र प्राकृतिक व्यक्तिका लागि कर लेखा राख्नुपर्ने अनिवार्यता रहन्छ । कर छूट पाउने निकायले पनि कर लेखा राख्नुपर्छ । कर लेखाको उद्देश्य निकाय वा व्यक्तिसँग रहेका कोषहरूलाई जाँच गर्न सक्षम हुनु मानिन्छ । एक्रुयल आधारमा लेखाङ्कन गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सृजना हुनासाथ आम्दानीको लेखाङ्कन गरिन्छ भने खर्चको सन्दर्भमा भुक्तानी गर्नुपर्ने दायित्व सृजना हुनासाथ खर्चको लेखाङ्कन गर्नुपर्छ । यस्तै नगद आधारमा लेखाङ्कन गर्दा नगद भुक्तानी वा प्राप्त भएपछि मात्र लेखाङ्कन गरिन्छ ।

लेखाका सर्वमान्य सिद्धान्तमा अलग्गै संस्थाको अवधारणामा मौद्रिक मापन, परल मूल्य, दोहोरो पक्ष, आवधिक, एक्रुयल लेखा, अविच्छिन्न संस्था, मिलाना, वास्तविक ठोस आम्दानी, पारदर्शिता, एकरूपता आदि आउँछन् । लेखा राख्नुको उद्देश्य लेखालगायत कानूनी वा अन्य प्रमाणहरूको अभिलेख, नाफानोक्सानको पारदर्शिता, आर्थिक स्थितिको वास्तविकता र आर्थिक सूचनाहरूको आधारमा निर्णय कर्ताहरूलाई निष्कर्षमा पुग्न सहज होस् भन्ने ठानिन्छ ।

कर प्रयोजनका लागि प्राकृतिक व्यक्तिको रोजगारी तथा लगानीबाट प्राप्त आय नगद आधारमा लेखाङ्कन गर्न अनिवार्य गरेको छ भने व्यवसायको आय नगद वा एक्रुयल आधारमा राख्न सकिने व्यवस्था भने ऐच्छिक रहेको छ । तर, दफा १५ बमोजिम व्यापार मौज्दातको लागत खर्चहरूलाई भने एक्रुयल आधारमा नै लेखाङ्कन गर्नुपर्छ । निकायले कर प्रयोजनका लागि एक्रुयल आधारमा हिसाब राख्नुपर्छ । सरकारी लेखाप्रणाली नगदमा आधारित र व्यावसायिक लेखा भने नगद वा एक्रुयल दुवैमा आधारित छ। बैंकिङ व्यवसायका सम्बन्धमा भने अलग व्यवस्था गर्नसक्ने गरी नेपाल राष्ट्र बैंकलाई अधिकार दिएको छ । नेपाल राष्ट्र बैंक ऐन,२०५८ तथा बैंकिङसम्बन्धी प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको त्यस्तो लेखाङ्कन पद्धतिलाई आन्तरिक राजस्व विभागले कर प्रयोजनका लागि मान्यता दिन सक्छ । नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनबमोजिम बैंकिङ व्यवसाय सञ्चालन गर्ने व्यक्तिले कर्जा लगानीमा एक्रुयल आधारमा ब्याज आम्दानी जनाउन सक्दैन ।

'बैंकिङ व्यवसाय सञ्चालन गर्ने व्यक्तिले आफ्नो बक्यौता ऋणमा पाकेको ब्याजलाई नगदमा नै असुल गर्न नसकेको खण्डमा उक्त ब्याज रकमलाई मुलतबी हिसाबमा राख्नुपर्ने' नेपाल राष्ट्र बैंकले निर्देशन जारी गरेको छ । मुलतबीमा रहेको ब्याज रकम जुन समयमा नगद असुल हुन्छ सोही समयमा त्यस्तो ब्याजलाई आम्दानी जनाउनुपर्ने हुन्छ । यस्तै सहकारी संस्थाले पनि ब्याज आयको लेखाङ्कन नगद आधारमा समेत गर्न सक्ने व्यवस्था छ । यस व्यवस्थाले सहकारी संस्थाको ब्याज आय एक्रुयल वा नगद आधारमध्ये कुनै एक छान्न सक्ने विकल्प देखिन्छ ।

विभागबाट 'प्रतिबद्धता देखाएको दायित्वको समयको लेखा प्रतिबद्धता देखाएको दायित्वलाई जुन समयमा उक्त कार्यक्रम घोषणा गरेको छ सोही समयमा खर्च लेख्नुपर्ने' मिति २०६५/१०/२२ मा विभागबाट परिपत्र जारी भएको छ । आयकर निर्देशिकाले प्राकृतिक व्यक्ति वा २० जनाभन्दा कम साझेदार भएका साझेदारी व्यवसायको कर लेखाङ्कन गर्दा नगद वा एक्रुयल जुनसुकै आधारमा गर्न सक्ने स्पष्ट गरेको छ ।

नगद आधारमा लेखाङ्कन गरेका व्यक्तिले एक्रुयल आधारमा वा एक्रुयल आधारमा लेखाङ्कन गरेका व्यक्तिले नगद आधारमा लेखाङ्कन गर्न चाहेमा विभागले लेखाङ्कन पद्धति परिवर्तनको स्वीकृति दिन सक्छ ।

निकाय र प्राकृतिक व्यक्तिका लागि कर लेखा राख्नुपर्ने अनिवार्यता रहन्छ । कर छूट पाउने निकायले पनि कर लेखा राख्नुपर्छ ।

एकपटक अवलम्बन गरिएको लेखाङ्कन तरीकामा निरन्तरता हुनुपर्ने निर्देशिकामा व्यवस्था भए पनि पुनः लेखाङ्कन परिवर्तन गर्न नसकिने गरी ऐनमा किटानी व्यवस्था गरेको पाइँदैन । लेखाङ्कन परिवर्तन भएको स्वीकृति प्राप्त भएको अवस्थामा रकमहरू नछुट्ने वा नदाहोरिने गरी समायोजन गर्नुपर्छ । प्रोफेशनल व्यक्ति र अन्य करदाताले राख्नुपर्ने न्यूनतम लेखासम्बन्धी विभागबाट बेग्लाबेग्लै सार्वजनिक परिपत्रहरू जारी भएका छन् ।

नेपाली मुद्रामा बाहेक अन्य मुद्रामा अंकित गरिएको रकम प्राप्त गरिएको, खर्च गरिएको, दिएको, बुझाएको वा कर प्रयोजनका लागि अन्य कुनै किसिमले हिसाब गर्दाका बखत प्रचलित विनिमय दरअनुसार उक्त मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्नुपर्छ । उदाहरण : नगद आधारको लेखाङ्कनमा 'क' ले ५ जना अमेरिकी नागरिकलाई अमेरिकाबाट नेपाल आउने र नेपालका विभिन्न क्षेत्रमा १५ दिनसम्म घुमाउने गरी प्रतिव्यक्ति ५ हजार अमेरिकी डलरका दरले मिति २०७५/०४/०५ मा जम्मा २५ हजार डलर लिएको रहेछ । उक्त मितिमा नेपाल राष्ट्र बैंकले तोकेको प्रचलित विनिमय दर प्रतिअमेरिकी डलर १०० नेपाली रुपैयाँ रहेछ भने २५ लाख नेपाली रुपैयाँमा 'क' ले सोही दिनको आयमा समावेश गर्नुपर्छ । विदेशी मुद्रा भुक्तानी समयको आधारमा विनिमय नाफा वा नोक्सानी भए सोहीबमोजिम लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ ।

कर कानूनको अभ्यास गर्ने क्रममा एक्रुयल आधारको लेखाङ्कन सम्बन्धमा कर कार्यालयविरुद्ध कृष्ण गोपाल अग्रवालको मुद्दामा तोकेको तरीकामा नराखेको लेखा मान्य नहुने फैसला भएको छ । खुमराज पुञ्जालीविरुद्ध प्राइम इन्टर नेशनलको मुद्दामा 'कुनै आयवर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भए पनि त्यसै वर्षको आयमा समावेश गरिने भएकाले भुक्तानी प्राप्त गर्ने अधिकार सृजना भएपछि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नुपर्ने' भन्ने व्याख्या भएको छ ।

यस्तै निकायको हिसाब एक्रुयल आधारमा राख्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै, नेपाल वायुसेवा निगमलाई कर्मचारीको पारिश्रमिकबापतको रकम (पेबल) 'दिन बाँकी देखाएको र नदेखाएको भन्ने आधारमा अग्रिम कर कट्टी गर्नुपर्ने' २०६४/०८/२५ मा परिपत्र जारी भएको छ । बद्रीकुमार प्याकुरेलविरुद्ध नेपाल नागरिक उड्डयन प्राधीकरण भएको मुद्दामा सर्वोच्च अदालतबाट 'निवृत्तिभरणबापतको रकमलाई कुनै १ आर्थिक वर्षको रोजागारीबाट प्राप्त आय रकम जस्तो गरी कर लगाएको कुरा कानूनविपरीत भएको देखिने, त्यस्तो आयमा कर लगाउँदा प्रत्येक आयवर्षको आधारमा कर लगाउनुपर्ने' फैसला भएको छ । जसले सबै अवस्थमा नगद आधारको रकम भुक्तानी भएको वा आय प्राप्त गरेको वर्षको आय मान्नुपर्ने कुरालाई अस्वीकार गरी समन्यायिक फैसला गरेको देखिन्छ ।

लेखक कर तथा वाणिज्य कानून क्षेत्रमा विज्ञ अधिवक्ता हुन् । लेखकलाई **ulasikafle@yahoo.com** *मा सम्पर्क गर्न सकिन्छ ।*

बाँकी पृष्ठ १ बाट ...

सिमेन्ट र बिस्कुट ...

तर, उक्त दुवै ऐनमा करार गरी उत्पादन गर्ने विषय स्पष्ट नभएको भन्दै पछिल्लोपटक ऐन संशोधन गरेर करार उत्पादनको व्यवस्थालाई सहज बनाइएको विभागको भनाइ छ ।

गत वैशाखमा सम्पन्न तेस्रो लगानी सम्मेलनको बेलामा सरकारले मौजुदा लगानीसम्बन्धी कानून संशोधन गरेको थियो । त्यसबेला यी दुईओटा ऐन पनि संशोधन भएका थिए । 'लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१' अन्तर्गत यी दुवै ऐनमा संशोधन गरिएको थियो । त्यसअनुसार विभागले मापदण्ड बनाएको हो ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले कन्ट्राक्ट म्यानुफ्याक्चरिङ पहिला कानूनले नै रोकेको बताउँछन् । तर, लगानी सम्मेलनताका संशोधन भएको कानूनले खुला गरेको हुँदा थप सहज भने भएको उनको भनाइ छ । परिसंघले कन्ट्राक्ट म्यानुफ्याक्चरिङ उद्योगको अत्यावश्यक पक्ष हो भन्दै खुला गर्न पहल गर्दै आएको थियो ।

'कुनै उद्योगले बजारको माग पूरा गर्न नसक्दा त्यस्तोमा उद्योगले सानो युनिट वा समान प्रकृतिको उद्योगसँग थप वस्तु तथा सामग्री उत्पादन गर्न करार गर्न सक्छ,' उनले भने, 'कन्ट्राक्ट म्यानुफ्याक्चरिङ गर्दा साना उद्योग तथा कम क्षमतामा चलेका उद्योग सञ्चालनमा आउने र थप रोजगारी सृजना हुने वातावरण बन्छ ।'

अग्रवालका अनुसार पहिला मुलुकमा कन्ट्राक्ट म्यानुफ्याक्चरिङ खुला थियो । 'औद्योगिक व्यवसाय ऐन, २०७६ संशोधन भएर लागू हुँदा कन्ट्राक्ट म्यानुफ्याक्चरिङलाई रोकिएको थियो,' उनले भने, 'उक्त ऐन आउँदा निजीक्षेत्रसँग सल्लाह नै नगरी यस्तो उत्पादन रोकिएको थियो ।' वस्तुको करार उत्पादनका लागि मापदण्ड नै आवश्यक नहुने भए पनि अहिले सरकारले मापदण्ड ल्याउनु सकारात्मक भएको उनको भनाइ छ । बहुराष्ट्रिय कम्पनीहरूले पनि आफ्ना वस्तुको उत्पादन अरू उद्योगहरूबाट गराइरहेका थिए ।

हाल भारतमा पनि निर्यात हुँदै आएको पाल्पा सिमेन्टका लागि कन्ट्राक्ट म्यानुफ्याक्चरिङ गर्ने योजना उनको थियो । 'उक्त ऐनले कन्ट्राक्ट म्यानुफ्याक्चरिङ रोकेपछि तत्कालका लागि यस्तो प्रक्रिया रोकिएको थियो,' उनले भने, 'अब मापदण्ड पनि आइसकेकाले पाल्पा सिमेन्टले कन्ट्राक्ट म्यानुफ्याक्चरिङका लागि प्रक्रिया अघि बढाउन सक्ने अवस्था हुन्छ ।'

मुलुकमा थुप्रै खानी उद्योग छन् । अहिले बन्द भइरहेको अवस्था पनि छ । त्यही उद्योगमा आफ्नै ब्रान्डको क्लिंकर दिएर उत्पादन गर्न सकिने सम्भावना देखेका अग्रवाल अर्को उद्योग चल्दा थप रोजगारी सृजना हुने तर्क गर्छन् । नेपालबाट सिमेन्ट भारतमा निकासी भइरहेको छ । यद्यपि अहिले अवरोध पनि छ । 'सिमेन्ट निकासी सहज हुनासाथ ग्राइन्डिङ क्षमता पनि ठूलो मात्रामा आवश्यक पर्छ,' उनले भने, 'ठूलो बजार भएकाले यसका लागि हामीले विचार गरिरहेका छौं ।'

यस्तै एक बहुराष्ट्रिय कम्पनी स्रोतका अनुसार अहिलेको कानून तथा मापदण्ड यो विषयमा स्पष्ट भएर आएको छ । नेपालमा कानून/नियम नहुँदा पनि कम्पनीहरूले यस्तो उत्पादन गर्दै आएको देखिन्छ । वस्तु करार उत्पादन विश्वव्यापी रूपमा प्रचलित अभ्यास हो । खासगरी बहुराष्ट्रिय कम्पनीले आफ्ना सहायक वस्तु स्थानीय उद्योगलाई नै उत्पादनको जिम्मा दिने गरेका हुन्छन् । यस्तोमा ब्रान्ड भने बहुराष्ट्रिय कम्पनीकै हुन्छ ।

'अहिले कानून परिष्कृत भएर आएको छ । तर, गाह्रो कहाँनेर भयो भने कार्यान्वयन गर्ने निकाय उद्योग विभागका कर्मचारीमा अहिले भइरहेकोलाई कसरी अभिलेखीकरण गर्ने भन्नेमा द्विविधा छ,' स्रोतले भन्यो । करार उत्पादनले नेपालमा लगानी र रोजगारी बढ्ने भन्दै स्रोतले थप्यो, 'विधिवत् रूपमा अब अभिलेख गर्न जरुरी छ । वैदेशिक लगानी आकर्षित गर्ने हो भने ।'

उद्योग विभागका महानिर्देशक राजेश्वर ज्ञवालीले अहिले कम्पनीहरूले करार उत्पादनका लागि स्वीकृति मागिरहेको जानकारी दिए । 'खासगरी सिमेन्ट उद्योगले करार उत्पादनका लागि निवेदन दिएका छन्,' उनले भने, 'यसअघि उद्योग वा कम्पनीहरूले करार गरेको जानकारी नगराएको पनि हुन सक्छ, अब भने कम्पनीहरूले विभागमा अभिलेखीकरण गर्नुपर्छ ।'

करार उत्पादनमा जाँदा मेशिन उपकरणमा ठूला कम्पनीले लगानी थप गरिरहन नपर्ने हुँदा यसले थप व्ययभारबाट पनि जोगाउन सक्ने उनको भनाइ छ । 'क भन्ने सिमेन्ट उद्योगको उत्पादन बजारमा अधिक माग भयो । उसको साविकको उत्पादन क्षमताले माग धानेन । त्यस्तोमा ख नामक कम्पनीको मेशिन तथा उपकरण प्रयोग गरेर उत्पादन बढाउन यस्तो सम्झौता गर्न सकिन्छ,' ज्ञवालीले भने ।

गोल्डस्टार जुत्ताको ...

सरकारी अधिकारीहरूले दुग्ध पदार्थमा लगाइएको प्रतिबन्ध फुकाउन छलफल भएको बताएका छन् ।

बीआईएसमा कडाइले गोल्डस्टारको निर्यातमा समस्या भए पनि चालू आर्थिक वर्ष (आव) को पहिलो ४ महीनामा जुत्ताको भारत निर्यात भने बढेको देखिएको छ । गोल्डस्टारबाहेक अन्य कम्पनीका जुत्ता पनि भारत निर्यात हुन्छन् । भन्सार विभागका अनुसार चालू आवको पहिलो ४ महीनामा १२ लाख ७६ हजार जोर जुत्ता भारत निर्यात भएको छ । गत आवको सोही अवधिमा ८ लाख ६९ हजार जोर जुत्ता भारत निर्यात भएको थियो ।

नेपाली सिमेन्ट तथा क्लिंकर निर्यात भने खस्किएको छ । भन्सार विभागका अनुसार २०८०/८१ को पहिलो ४ महीना कात्तिकसम्ममा नेपालले १ लाख ७४ हजार ८१९ टन क्लिंकर (सिमेन्टको कच्चा पदार्थ) निर्यात गरेको थियो । साथै नेपालले सोही आवको पहिलो ४ महीनामै ६ लाख ३१ जार ८९९ टन सिमेन्ट निर्यात गरेको थियो ।

तर, चालू आव २०८१/८२ को पहिलो ४ महीनामा सिमेन्टको निर्यात घटेको छ । यो अवधिमा नेपालले २९ हजार ८५१ टन क्लिंकर निर्यात गरेको देखिन्छ । साथै सोही अवधिमा २ लाख ३८ हजार ८५४ टन सिमेन्ट निर्यात गरेको छ ।

युनविरुद्धको ...

तर, प्रस्तावको पक्षमा तीन सांसदले मात्रै मतदान गरेको बताइएको छ ।

'सैन्य कानून' लगाएकोमा माफी मागेका राष्ट्रपति युनलाई पदबाट हटाउन माग गर्दै दशौं हजार संसद् भवनबाहिर जम्मा भएका थिए । सैन्य शासन घोषणा गरेपछि दक्षिण कोरियाका राष्ट्रपतिले आफ्नै दलका नेतालाई पक्रन आदेश दिएको बताइएको छ ।

महाभियोग प्रस्ताव पारित हुन आवश्यक संख्या नपुगे पनि उनीहरूले युनलाई हटाउने प्रयास जारी रहने बताएका छन् । *एएफपी*

दोस्रो पञ्चवर्षीय योजनामा छलफल शुरू

काँक्रेविहार (सुर्खेत) । कर्णाली प्रदेश योजना आयोगले दोस्रो पञ्चवर्षीय योजना (२०८१-८२ देखि २०८५-८६) को अन्तिम मस्यौदामाथि छलफल शुरू गरेको छ । मस्यौदामा सुशासन, सामाजिक न्याय र आमसमृद्धिको लक्ष्य राखिएको छ । उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण गरी सुशासन र सामाजिक न्यायमार्फत समाजवादउन्मुख समुन्नत कर्णाली निर्माण गर्ने मस्यौदामा उल्लेख छ । योजनामा ५ वर्षमा कर्णालीको आर्थिक वृद्धिदर ९ दशमलव ९ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ ।

प्रथम पञ्चवर्षीय योजनाले गत आर्थिक वर्ष २०८०/८१ सम्म प्रदेशको कूल आर्थिक वृद्धिदर ८ दशमलव ८ प्रतिशत हुने प्रक्षेपण गरिएको थियो । यद्यपि उक्त लक्ष्य भने पूरा हुन सकेन । प्रथम पञ्चवर्षीय योजनाको अवधिमा आर्थिक वृद्धिदर ४ दशमलव १ प्रतिशत मात्रै भएको थियो ।

आयोगले पाँचवर्षे लगानीको ढाँचा पनि सार्वजनिक गरेको छ, जसमा समृद्ध कर्णालीका लागि कृषि, उद्योग र सेवा क्षेत्रमा ५२ खर्ब २ अर्ब २९ करोड रुपैयाँ लागत लाग्ने प्रक्षेपण छ । पाँच वर्षमा कृषि क्षेत्रमा ८ खर्ब ८५ अर्ब ६७ करोड लगानी गर्नुपर्नेछ । यस्तै, उद्योगतर्फ १९ खर्ब १ अर्ब ३७ करोड, सेवातर्फ २४ खर्ब १५ अर्ब ८८ करोड रुपैयाँ लगानी गर्नुपर्ने आयोगको अनुमान छ ।

आयोगले प्राथमिक क्षेत्र कृषितर्फ सार्वजनिक लगानी ६२ दशमलव २ प्रतिशत, निजी लगानी ३३ प्रतिशत, सहकारी ५ प्रतिशत गरी कुल लगानीको १७ प्रतिशत लगानी गर्नुपर्नेछ । द्वितीय क्षेत्र उद्योगतर्फ सार्वजनिक ४८ प्रतिशत, निजीक्षेत्रबाट ४९ प्रतिशत र सहकारी क्षेत्रको ३ प्रतिशत गरी ३६ प्रतिशत लगानी गर्ने योजना राखेको छ । यस्तै, तृतीय क्षेत्र सेवातर्फ सार्वजनिक लागानी ४९ प्रतिशत, निजी लगानी ४६ प्रतिशत, सहकारी लगानी ५ प्रतिशत गरी कुल ४६ दशमलव ४ प्रतिशत लगानी गर्नुपर्ने आयोगको योजना रहेको छ ।

दोस्रो पञ्चवर्षीय योजनाअन्तर्गत चालू आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल आर्थिक वृद्धिदर ५ दशमलव ५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । यस्तै, आर्थिक वर्ष २०८२/८३ सम्म ६ दशमलव ६ प्रतिशत २०८३/८४ मा ७ दशमलव ५ प्रतिशत, २०८४/८५ मा ८ दशमलव ६ प्रतिशत र २०८५/८६ मा आर्थिक वृद्धिदर ९ दशमलव ९ प्रतिशत पुऱ्याउने लक्ष्य दोस्रो पञ्चवर्षीय योजनामा राखिएको छ । *रासस*

एनएमबि सरल बचत फण्ड - इ
NMB SARAL BACHAT FUND-E

एनएमबि म्युचुअल फण्ड अन्तर्गत संचालित एनएमबि सरल बचत फण्ड-इ

NMB MUTUAL FUND
एनएमबि म्युचुअल फण्ड

अधिकतम लगानी सीमा सम्बन्धी जानकारी

एनएमबि म्युचुअल फण्ड अन्तर्गत यस कम्पनी योजना व्यवस्थापक रही संचालनमा रहेको खुलामुखी योजना एनएमबि सरल बचत फण्ड - इ को अधिकतम लगानी सीमा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को ईकाइ प्रदान गर्ने सम्बन्धित निर्देशन नं. १८ लाई थप व्यवस्थित गरि साना तथा खुद्रा लगानीकर्ताको हितकालागि योजना व्यवस्थापकको संचालक समितिको १५१ औं बैठकको निर्णय बमोजिम मिति २०८१ साल पौष ०१ गते देखि लागु हुने गरी देहाय बमोजिम व्यवस्था गरिएको जानकारी गराउँदछौं ।

क्र.स.	व्यवस्था	हालको व्यवस्था	संशोधित व्यवस्था	लागु हुने मिति
१.	लगानी रकममा सीमा	हाल नभएको	कुनै एक ईकाइधनीले कारोबार दिन/सत्रमा यस योजनाको ईकाइ खरिद गर्दा अधिकतम लगानी सीमा रु. २०,००,०००।- (अक्षरुपी बीस लाख मात्र ।) रहने छ । उक्त रकमले कारोबार गर्दा लागु हुने सबै शूल्कहरु समावेश गरिएको रकमलाई बुझाउँछ । यद्यपी सो अधिकतम सीमा Systematic Withdrawal Plan (SWP) र Dividend Reinvestment Plan (DRIP) मार्फत गरिएको लगानीमा लागु हुने छैन ।	२०८१ साल पौष ०१ गते
२.	लगानी कूल सीमा	हाल नभएको	कुनै एक ईकाइधनीले लगानी गर्न सक्ने अधिकतम ईकाइ, योजनाको अघिल्लो दिनमा कायम रहेको कूल ईकाइको ०.५% हुनेछ । यद्यपी अतिरिक्त लगानी बिना कुनै ईकाइधनीको ईकाइ स्वामित्व उल्लेखित सीमा भन्दा बढीहुन गएमा माथि उल्लेखित सीमा सो ईकाइधनीलाई लागु हुने छैन । साथै, माथि उल्लेखित सीमा बीज पूँजी लगानीकर्ताहरुमा लागु हुने छैन ।	२०८१ साल पौष ०१ गते

अधिकतम लगानी सीमा सम्बन्धी संचालक समितिको निर्णय कोष सुपरिवेक्षकको १०३ औं बैठकमा जानकारी गराइएको ।

योजना व्यवस्थापक

नोट : योजनाको ईकाइ बिक्री गर्दा माथि उल्लेखित सीमाहरु लागु हुने छैन ।

NMB CAPITAL एनएमबि क्यापिटल

एनएमबि क्यापिटल लिमिटेड
बालुवाटार-४, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५३७९६०, ९८६३३३५१२९
इमेल: info@nmbcl.com.np, info.nmbsbfe@nmbcl.com.np
वेबसाइट: www.nmbcl.com.np

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०८/२३

यस रिलायन्स फाईनान्स लिमिटेडवाट कर्जा लिने देहाय बमोजिमको ऋणीले लिनु भएको ऋण कर्जा वापत फाईनान्सलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको रिलायन्स फाईनान्सको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई वित्तीय संस्थाको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा वित्तीय संस्थाको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी वित्तीय संस्थाको को लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले संस्थाको केन्द्रिय कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । ती शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै वित्तीय संस्था खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा वित्तीय संस्था आफैले सकार गर्दा समेत साविकमा वित्तीय संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा वित्तीय संस्था आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा फाईनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाईनान्स आफैले सकार गर्दा समेत वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून, नियम तथा फाईनान्सको कर्जा असुली निर्देशिका अनुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि कालोसूचीमा राखिनुको साथै ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

शिलबन्दी बोलपत्र आह्वान सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २:०० बजे संस्थाको केन्द्रीय कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ ।

केन्द्रीय कार्यालयः कमलादी, काठमाडौं

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण		
१ **नामः संजय कुमार पुर्वे** ठेगानाः राजविराज-०७, सप्तरी बुवाः अशोक कुमार पुर्वे सुडी बाजेः राम कृष्ण पुर्वे सुडी **कर्जा शिर्षकः विपन्न कर्जा**	यस संस्थाको नाममा धनी कायम भई ऋणी **संजय कुमार पुर्वे**को नाममा भएको प्रदेश २-०३-००१ त ३४८० को १ वटा ट्र्याक्टर ।	**नाम : सिता कुमारी पुर्वे** ठेगानाः राजविराज-०६, सप्तरी श्रीमान् : संजय कुमार पुर्वे ससुराः अशोक कुमार पुर्वे सुडी	**नामः अशोक कुमार पुर्वे सुडी** ठेगानाः राजविराज-०७, सप्तरी बुवाः राम किसुन पुर्वे सुडी	**नामः चन्दन प्रसाद पंजियार** ठेगानाः राजविराज-०६, सप्तरी बुवाः परमेश्वर पंजियार बाजेः विष्णु नाथ पंजियार
२ **नामः निर्मल लामा** ठेगानाः थानकोट- १, काठमाण्डौ । बुवा : राम बहादुर लामा बाजे : माइला लामा	**लक्ष्मी देवी लामा**को नाममा दर्ता रहेको काठमाण्डौ जिल्ला थानकोट-२ स्थित कित्ता नं. ९० को क्षेत्रफल ०-१४-२-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	**नामः लक्ष्मी देवी लामा** ठेगानाः थानकोट-१, काठमाण्डौ । बुवाः गणेश बहादुर लामा श्रीमान् : निर्मल लामा	**नामः निरोज लामा** ठेगानाः थानकोट- १, काठमाण्डौ । बुवाः निर्मल लामा	**नाम : लक्ष्मण भक्त जोशी** ठेगानाः साँखु-४, काठमाण्डौ बुवाः सुर्यभक्त जोशी

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०८/२३)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्महरु, ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०२/१० को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा र ही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

१ **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा मिति २०७५/०६/१४ मा प्रा.फ.र.नं. ४२९८८/०७५/७६, भारत आयात अन्तर्गत दर्ता भएको **गणपति जनरल सप्लायर्स** ।
ठेगानाः रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०४, उद्योगपुरी, रुपन्देही ।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः
देउकी राउतको नाति, रुदल राउतको छोरा पर्सा जिल्ला वीरगंज न.पा वडा नं १७ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १६०३२६२७१ (जारी मिति २०५७/०३/०६, स्थान पर्सा) भएको **कृष्ण प्रसाद ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

राम कुमार वर्माकी छोरी, रुदल राउतकी बुहारी, कृष्ण प्रसादकी श्रीमती कपिलवस्तु जिल्ला कविलवस्तु गा.वि.स वडा नं ४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६बस्ने, ना.प्र.नं. २०८६८ (जारी मिति २०५५/१०/०७, स्थान कपिलवस्तु) भएकी **गौरी वर्मा ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
१. पर्सा जिल्ला वीरगंज न.पा वडा नं १७ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, **कृष्ण प्रसाद**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, हाटि वनगाई न.पा. वडा नं. ५ सिट नं ५क मा अवस्थित कि.नं. ९६५ क्षेत्रफल ०-०-१२.५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. पर्सा जिल्ला वीरगंज न.पा वडा नं १७ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, **कृष्ण प्रसाद**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०४ सिट नं ४घ मा अवस्थित कि.नं. १८७१ क्षेत्रफल ०-१-१६.७५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

सवारी साधनको विवरणः
ऋणी **गणपति जनरल सप्लायर्स** र यस बैंक समेत भएको भाडा निजि साधन दर्ता न. प्रदेश ३-०१०२४ च २१४८ भएको Hyundai CRETA 1.5 SX.

२ **ऋणी फर्म र फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयमा मिति २०७८/०६/१५ मा प्रा.फ.र.नं. ५२०९६/०७८/७९, भारत आयात अन्तर्गत दर्ता भएको **गणपति ट्रेडिङ्ग कर्पोरेशन ।**
ठेगानाः रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०४, उद्योगपुरी, रुपन्देही ।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः
रुदल राउतको नाति, कृष्ण प्रसादको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०८ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. ३७-०१-७४-००२०२ (जारी मिति २०७४/०१/०८, स्थान रुपन्देही) भएको **करन प्रसाद कुर्मी ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. देउकी राउतको नाति, रुदल राउतको छोरा पर्सा जिल्ला वीरगंज न.पा वडा नं १७ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १६०३२६२७१ (जारी मिति २०५७/०३/०६, स्थान पर्सा) भएको **कृष्ण प्रसाद ।**
२. राम कुमार वर्माकी छोरी, रुदल राउतकी बुहारी, कृष्ण प्रसादकी श्रीमती कपिलवस्तु जिल्ला कविलवस्तु गा.वि.स वडा नं ४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २०८६८ (जारी मिति २०५५/१०/०७, स्थान कपिलवस्तु) भएकी **गौरी वर्मा ।**

तपसिल

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
पर्सा जिल्ला वीरगंज न.पा वडा नं १७ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, **कृष्ण प्रसाद**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, बसन्तपुर न.पा. वडा नं. २ सिट नं २क मा अवस्थित कि.नं. ६३४ को क्षेत्रफल ०-२-१४.२५-० तथा वडा नं. २ सिंट नं. २ख को कि.नं. ३५७ को क्षेत्रफल ०-१-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३ **ऋणीको नाम र ठेगानाको विवरण**

रुदल राउतको नाती, कृष्ण प्रसादको छोरा, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०८ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, नागरिकता ना.प्र.न ३७-०१-७४-००२०२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रुपन्देही, (मितिः बि.सं. २०७४/०१/०८), भएको **करन प्रसाद कुर्मी ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. राम कुमार वर्माकी छोरी, रुदल राउतकी बुहारी, कृष्ण प्रसादकी श्रीमती कपिलवस्तु जिल्ला कविलवस्तु गा.वि.स वडा नं ४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ ब

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

तपसिलका शाखा कार्यालयहरुका

ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा तिर्न बुझाउन पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, आदि अविलम्ब चुक्ता भुक्तान गर्नु होला । अन्यथा कालोसूचीमा राखि ऐन कानून तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी बैंकको लेना असुल गरिने छ ।

तपसिल

ऋणीहरुको नाम	धितोको विवरण
शाखा कार्यालय : निजगढ बारा	
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. ५०५९/६५८ कायम भइ मिति २०७३/११/५ मा दर्ता भएको **कुशवाहा ईन्टरप्राइजेज ।** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने **रणधिर कुशवाह** व्यक्तिगत जमानी दिने **अमित कुमार महतो** **दिलिप कुमार महतो** **हृदय नारायण महतो कोइरी** **इन्दुकुमारी देवी** **मान्ती देवी**	१. सहदेव महतो कोइरीको नाति, हृदय नारायण महतो कोइरीको छोरा, रौतहट जिल्ला, साविक बगही गा.वि.स., वडा नं. १ (हाल परिवर्तित कटहरीया न.पा., वडा नं. ६) बस्ने **दिलिप कुमार महतो**को नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, साविक महमदपुर गा.वि.स., वडा नं. ६ (हाल परिवर्तित गरुडा न.पा., वडा नं. ५) स्थित कित्ता नं. १६६८ को क्षेत्रफल ०–०–१०–० घरजग्गा, ऐ. कित्ता नं. १३९५ को क्षेत्रफल ०–०–१७–१२ जग्गा, ऐ. कित्ता नं. १३९४ को क्षेत्रफल ०–०–७–१२ घरजग्गा समेत । २. लालचन महतो कोइरीको नाति, सहदेव महतो कोइरीको छोरा, रौतहट जिल्ला, साविक बगही गा.वि.स., वडा नं. २ (हाल परिवर्तित कटहरीया न.पा., वडा नं. ६) बस्ने **हृदयनारायण महतो कोइरी**को नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, साविक बगही गा.वि.स., वडा नं. २ (हाल परिवर्तित कटहरीया न.पा., वडा नं. ६) स्थित कित्ता नं. २५५ को क्षेत्रफल ०–१५–१५–० जग्गा, ऐ. कित्ता नं. ११९६ को क्षेत्रफल ०–६–१३–० जग्गा, ऐ. कित्ता नं. ९२२ को क्षेत्रफल ०–०–६–१३ जग्गा, ऐ. साविक वडा नं. ६ हाल कटहरिया न.पा., वडा नं. ६ स्थित कित्ता नं. २८२ को क्षेत्रफल ०–०–१५–० घरजग्गा समेत ।
३. प्रदेश सरकार, मधेश प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया (बारा) मा उद्योग दर्ता नं. ९०२६।६५५।०७७।७८ कायम भइ मिति २०७७।९।१४ मा दर्ता भएको **नेपाल कृषि फार्म ।** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने **कृष्ण प्रसाद नेपाल** व्यक्तिगत जमानी दिने **प्रमिला सुवेदी**	ऋणी **कृष्ण प्रसाद नेपाल**को नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको साविक निजगढ ७ को हाल परिवर्तित मधेश प्रदेश, बारा जिल्ला, निजगढ न.पा., वडा नं. ८ स्थित कि.नं. ११४१ को क्षेत्रफल ०-०-९-१५ को घरजग्गा ।
४. पदमनाथ नेपालको नाति, नारायण प्रसाद नेपालको छोरा, बारा जिल्ला ,साविक रत्तनपुरी गा.वि.स., वडा नं. ८ (हाल परिवर्तित निजगढ न.पा., वडा नं. १०) बस्ने **कृष्ण प्रसाद नेपाल ।** व्यक्तिगत जमानी दिने **प्रमिला सुवेदी**	
५. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. ६६१९।४१९।१३३।६० कायम भइ मिति २०७५।०७।१५ मा दर्ता भएको **जय माँ दुर्गा कोल्ड स्टोर्स ।** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने **विश्वनाथ साह** व्यक्तिगत जमानी दिने **राम दुलारी देवी,** **संजय कुमार साह**	१. निर्सु साहको नाति, जिमीदार साहको छोरा/जिमिदार साहको बुहारी, विश्वनाथ साहको पत्नी/जिमीदार साहको नाति, विश्वनाथ साहको छोरा, रौतहट जिल्ला, साविक विश्रामपुर गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित बृन्दावन न.पा., वडा नं. ३) बस्ने **विश्वनाथ साह, रामदुलारी देवी र संजय कुमार साह**को संयुक्त नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, साविक गरुडा गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित गरुडा न.पा., वडा नं. ४) स्थित कित्ता नं. ११८७ को क्षेत्रफल ०-०–७-० जग्गा र घर समेत । २. निर्सु साहको नाति, जिमीदार साहको छोरा, रौतहट जिल्ला, साविक विश्रामपुर गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित बृन्दावन न.पा., वडा नं. ३) बस्ने **विश्वनाथ साह**को नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, साविक डुमरिया गा.वि.स., वडा नं. १ (हाल परिवर्तित गरुडा न.पा., वडा नं. ४) स्थित कित्ता नं. १६८९ को क्षेत्रफल ०-०–१२-१२ (विघा) जग्गा र घर समेत । ३. जिमीदार साहको नाति, विश्वनाथ साहको छोरा, रौतहट जिल्ला, साविक विश्रामपुर गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित बृन्दावन न.पा., वडा नं. ३) बस्ने **संजय कुमार साह**को नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, साविक गरुडा बैरिया गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित गरुडा न.पा., वडा नं. ४) स्थित कित्ता नं. ११८६ को क्षेत्रफल ०-०–३-० को जग्गा र घर समेत ।
६. जगा मिया धुनियाको नाति, ईसुमियाको छोरा, रौतहट जिल्ला, साविक कटहरीया गा.वि.स., वडा नं. ३ (हाल परिवर्तित मधेश प्रदेश, रौतहट जिल्ला, कटहरीया न.पा., वडा नं. ४) बस्ने **सलाउ दिन मिया ।** व्यक्तिगत जमानी दिने **जैतुन खातुन** **ईसुमिया धुनीया** **खैरु नेसा**	जगा मिया धुनियाको बुहारी, ईसूमिया धुनियाको पत्नी, रौतहट जिल्ला, साविक पिप्रापोखरिया गा.वि.स., वडा नं. ६ (हाल परिवर्तित कटहरिया न.पा., वडा नं. ९) बस्ने **खैरू नेसा**को नाममा दर्ता कायम रहेको रौतहट जिल्ला, साविक कटहरीया गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित कटहरीया न.पा., वडा नं. ५) स्थित कित्ता नं. ३६७ को क्षेत्रफल ०-०–१५-० (विघा) जग्गा ।
७. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६४३०४/७७/०७८ कायम भइ मिति २०७८/०३/२४ मा दर्ता भएको **प्रतिष्ठा कन्ष्ट्रक्सन प्रा. लि. ।** सञ्चालक तथा व्यक्तिगत जमानी दिने **प्रकाश न्यौपाने** व्यक्तिगत जमानी दिने **मिरा पाण्डे न्यौपाने**	१. हिमालयन बैंक लिमिटेड धनी, **प्रतिष्ठा कन्ष्ट्रक्सन प्रा. लि.** ऋणी कायम भइ दर्ता भएको बागमती प्रदेश ०१ ०२६ च १५५३ को इन्जिन नं. SG7298, च्यासिस नं. MPATF S85JJT002051 को Isuzu IFR8003, 2018 निजि सवारी । २. देव प्रसाख न्यौपानेको बुहारी, कृष्ण बहादुर न्यौपानेको पत्नी, मकवापुर जिल्ला, साविक हटिया गा.वि.स., वडा नं. १ बस्ने **विन्दुकुमारी न्यौपाने**को नाममा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ न.पा., वडा नं. ६ स्थित कित्ता नं. ७०७ को क्षेत्रफल ०–१–१०–० (विघा) जग्गा समेत । ३. देव प्रसाद न्यौपानेको नाति, कृष्ण बहादुर न्यौपानेको छोरा, बारा जिल्ला, निजगढ न.पा., वडा नं. ७ बस्ने **प्रकाश न्यौपाने**को नाममा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ न.पा., वडा नं. ७ स्थित कित्ता नं. ६२६ को क्षेत्रफल ०–०–१३–० (विघा) जग्गा समेत ।

ऋणीहरुको नाम	धितोको विवरण
८. प्रदेश सरकार, मधेश प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया (बारा) मा उ.द.प्र.प.नं. ८००४/५२३/०७६ /७७ कायम भइ मिति २०७६/८/३० मा दर्ता भएको **जर्गा बेकरी ।** साझेदार तथा व्यक्तिगत जमानी दिने **कुल बहादुर जर्गा मगर** **बिमला थापा मगर** व्यक्तिगत जमानी दिने **श्रृजना थापा मगर**	दम बहादुर थापा मगरको बुहारी, सेर बहादुर सिंजाली मगरको छोरी, दिल बहादुर थापा मगरको पत्नी, मकवानपुर जिल्ला, साविक हेटौडा न.पा., वडा नं. ७ (हाल हेटौंडा उ.म.न.पा., वडा नं. ७) बस्ने **बिमला थापा मगर**को नाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला, साविक हेटौडा न.पा., वडा नं. ७ हाल परिवर्तित हेटौंडा उ.म.न.पा., वडा नं. ७) स्थित कि.नं. ५६३३ को क्षेत्रफल ०-०-१८-० (विघा) जग्गा समेत ।
शाखा कार्यालय : पार्वतीपुर चितवन	
१. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १५२२३६/०७३/०७४ कायम भई मिति २०७३/०४/०५ मा दर्ता भएको **माडी भिलेज रिसोर्ट प्रा. लि. ।** सञ्चालक **राम नारायण चौधरी** व्यक्तिगत जमानी दिने **ज्योती कुमारी चौधरी** **महाबीरीया देवी थरूनी**	किसुन चौधरीको बुहारी, बाबुराम चौधरीको पत्नी, चितवन जिल्ला, बघौडा गा.वि.स., वडा नं. २ बस्ने **महाबीरीया देवी थरूनी**को नाममा दर्ता कायम रहेका : क) चितवन जिल्ला, साविक बघौडा गा.वि.स., वडा नं. २घ को हाल परिवर्तित वाग्मती प्रदेश, चितवन जिल्ला, माडी न.पा., वडा नं. ०३ स्थित कि.नं. ११८ को क्षेत्रफल ०-८-१८.२५-० (विघा) जग्गा समेत । ख) ऐ.ऐ कि.नं. १७४ को क्षेत्रफल २०९१.०७ (व.मि.) जग्गा समेत ।
२. किसुन चौधरीको नाति, बाबुराम चौधरीको छोरा, चितवन जिल्ला, बघौडा गा.वि.स., वडा नं. २ बस्ने **राम नारायण चौधरी ।** व्यक्तिगत जमानी दिने **ज्योती कुमारी चौधरी** **महाबीरीया देवी थरूनी**	बाबुराम चौधरीको बुहारी, राम नारायण चौधरीको पत्नी, चितवन जिल्ला, बघौडा गा.वि.स., वडा नं. २ बस्ने **ज्योती कुमारी चौधरी**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक बघौडा गा.वि.स., वडा नं. २घ को हाल परिवर्तित वाग्मती प्रदेश, चितवन जिल्ला, माडी न.पा., वडा नं. ०३ स्थित कि.नं. ११५ को क्षेत्रफल ०-१-१३.५-०, ऐ.ऐ कि.नं. ११९ को क्षेत्रफल ०-१-१६.५-० (विघा) जग्गा समेत ।
शाखा कार्यालय : जनकपुरधाम, धनुषा	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २४७३१८/ ०७७/०७८ कायम भइ मिति २०७७/०७/२७ मा दर्ता भएको **बिल्ड इन्टरनेशनल प्रा. लि. ।** सञ्चालक तथा व्यक्तिगत जमानी दिने **रतन ठाकुर**	ऋणी **बिल्ड इन्टरनेशनल प्रा. लि.** को नाममा दर्ता कायम रहेको निम्न बमोजिमको अचल सम्पत्तिहरु: i. सर्लाही जिल्ला, साविक पत्थरकोट गा.वि.स., वडा नं. २ स्थित कित्ता नं. ३ को क्षेत्रफल १–९–१०–०, ऐ. कित्ता नं. १४९ को क्षेत्रफल ०–१६–१२–८ (विघा) जग्गा समेत । ii. ऐ. साविक हरिपुर गा.वि.स., वडा नं. ८ख स्थित कित्ता नं. ३०० को क्षेत्रफल ०–५–१९–०, ऐ. कित्ता नं. २८४ को क्षेत्रफल ०–६–४–०, ऐ. कित्ता नं. ३२७ को क्षेत्रफल ०–६–०–० (विघा) जग्गा समेत । iii. ऐ. साविक जब्दि गा.वि.स., वडा नं. ८ स्थित कित्ता नं. ८६ को क्षेत्रफल १–३–०–०, ऐ. कित्ता नं. १४२ को क्षेत्रफल ०–१२–८–० (विघा) जग्गा समेत । iv. ऐ. साविक जब्दि गा.वि.स., वडा नं. ७ स्थित कित्ता नं. ८०२ को क्षेत्रफल ०–२–१०–०, ऐ. कित्ता नं. ८०३ को क्षेत्रफल ०–२–१०–०, ऐ. कित्ता नं. ६५९ को क्षेत्रफल ०–५–०–०, ऐ. कित्ता नं. ५११ को क्षेत्रफल ०–५–०–० (विघा) जग्गा समेत ।
शाखा कार्यालय : खुरखुरे, चितवन	
१. प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.र.नं. ७१४/२०७७/०७८, स्थानीय व्यापार कायम भइ मिति २०७७/०६/२७ मा दर्ता भएको **खुरखुरे फल सिलिङ्ग हाउस ।** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने **पवित्रा न्यौपाने पौडेल** व्यक्तिगत जमानी दिने **विमला पौडेल** **कृष्ण प्रसाद पौडेल** **राम चन्द्र पौडेल**	१. कलाघर पौडेलको नाति, हरिलाल पौडेलको छोरा, चितवन जिल्ला, साविक बिरेन्द्रनगर गा.वि.स., वडा नं. १ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. ११) बस्ने **कृष्ण प्रसाद पौडेल**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक कठार गा.वि.स., वडा नं. ५ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. ११) स्थित कित्ता नं. ६७६ को क्षेत्रफल ४४०.२२ व.मी. जग्गा समेत । २. हरि लाल पौडेलको नाति, कृष्ण प्रसाद पौडेलको छोरा, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ११ बस्ने **राम चन्द्र पौडेल**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक कठार गा.वि.स., वडा नं. ५ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. ११) स्थित कित्ता नं. ६८४ को क्षेत्रफल ३३८.६४ व.मी. जग्गा समेत ।
२. कृष्ण प्रसाद पौडेलको बुहारी, राम चन्द्र पौडेलको पत्नी, चितवन जिल्ला, साविक कठार गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित खैरहनी. न.पा. वडा नं. ११) बस्ने **पवित्रा न्यौपाने पौडेल ।**	
३. हरि दत्त रिजालको नाति, नरेश्वर रिजालको छोरा, लक्ष्मी रिजालको पति, चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ९ बस्ने **माधव राज रिजाल ।** व्यक्तिगत जमानी दिने **लक्ष्मी रिजाल**	१. नरेश्वर रिजालको बुहारी, माधव राज रिजालको पत्नी, चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ७ बस्ने **लक्ष्मी रिजाल**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक देवौली गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित रत्ननगर न.पा., वडा नं. ९) स्थित कित्ता नं. २००१ को क्षेत्रफल २०६.७१ व.मी. जग्गा समेत । २. ऋणी **माधव राज रिजाल**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक देवौली गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित रत्ननगर न.पा., वडा नं. ९) स्थित कित्ता नं. ८२६ को क्षेत्रफल ०–०–१२ ऐ. कित्ता नं. ८२७ को क्षेत्रफल ०–०–८ (विघा) जग्गा समेत ।
शाखा कार्यालय : गोछडा, नवलपरासी	
१. मननाथ कँडेलको नाति, मनोहर कँडेलको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ३ बस्ने **गोकुल प्रसाद कँडेल ।** व्यक्तिगत जमानी दिने **लक्ष्मी ढकाल**	हिमालयन बैंक लि. (साविक सिभिल बैंक लि.) धनी, **गोकुल प्रसाद कँडेल** ऋणी कायम भइ दर्ता भएको बा १८ च १६०७ को इन्जिन नं. D4FBHM38 5446, च्यासिस नं. MALC381ULHM28431 1-G को Hyundai Creta 1.6DSI SX O ।
२. प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना	कालुबहादुर घर्तीको नाति, भुपाल घर्तीको छोरा, लमजुङ जिल्ला, साविक सिम्पानी गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित मर्स्याङ्दी गाउँपालिका, वडा नं. ९) बस्ने **सोम बहादुर घर्ती**को नाममा दर्ता कायम रहेको नवलपरासी

ऋणीहरुको नाम	धितोको विवरण
उद्योग कार्यालय, नवलपरासी, (बर्दघाट सूस्ता पूर्व) मा उद्योग दर्ता नं. १००६/०७७/०७८ कायम भई मिति २०७७।०७।१६ मा दर्ता भएको **तेजा कृषि फर्म ।** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने **तेजा घर्ती** व्यक्तिगत जमानी दिने **सोम बहादुर घर्ती**	बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावास्वती न.पा., वडा नं. ७ स्थित कित्ता नं. १३९२ को क्षेत्रफल ०–२–६–० (विघा) जग्गा र घर समेत ।
३. शम्शेर बहादुर घर्तिको छोरी, सोम बहादुर घर्तीको पत्नी, नवलपरासी जिल्ला, साविक शिवमन्दिर गा.वि.स., वडा नं. २ (हाल परिवर्तित कावासोती न.पा., वडा नं. ७) बस्ने **तेजा घर्ती ।** व्यक्तिगत जमानी दिने **सोम बहादुर घर्ती**	
शाखा कार्यालय : कालिकानगर, बुटवल, रुपन्देही	
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) नवलपुरमा उ.प्रा.फ.द.नं. ९८/२२९९ /०६४/०६५ कायम भइ मिति २०६४/०८/२६ मा दर्ता भएको **प्रगति राईस मिल ।** प्रोप्राइटर **दिपक लम्साल** व्यक्तिगत जमानी दिने **मनिषा कुँवर** **ईस्वोरी लम्साल**	भीमलाल लम्सालको बुहारी, टोप प्रसाद वाग्लेको छोरी, राम प्रसाद लम्सालको पत्नी, स्याङ्जा जिल्ला, साविक चिन्नेवास गा.वि.स., वडा नं. ६ बस्ने **ईस्वोरी लम्साल**को नाममा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती न.पा., वडा नं. ५ स्थित कित्ता नं. ६०७९ को क्षेत्रफल ०–०–१६–० (विघा), ऐ. कित्ता नं. ५१०७ को क्षेत्रफल ०–०–६.५–० (विघा) जग्गा समेत ।
२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयमा प्रा.फ.र.न.. ४४८१५/०७६/७७ कायम भइ मिति २०७६/०४/२४ मा दर्ता भएको **सुभाना फेन्सी एण्ड कस्मेटिक्स ।** प्रोप्राइटर **दिपक लम्साल** व्यक्तिगत जमानी दिने **मनिषा कुँवर** **ईस्वोरी लम्साल**	भीमलाल लम्सालको बुहारी, टोप प्रसाद वाग्लेको छोरी, राम प्रसाद लम्सालको पत्नी, स्याङ्जा जिल्ला, साविक चिन्नेवास गा.वि.स., वडा नं. ६ बस्ने **ईस्वोरी लम्साल**को नाममा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती न.पा., वडा नं. ५ स्थित कित्ता नं. ६०७९ को क्षेत्रफल ०–०–१६–० (विघा), ऐ. कित्ता नं. ५१०७ को क्षेत्रफल ०–०–६.५–० (विघा) जग्गा समेत ।
शाखा कार्यालय : धनकौल, सर्लाही	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा सर्लाहीमा प्रा.फ.र.नं. ४२६/०६५/०६६ (स्थानीय व्यापार) कायम भई मिति २०६५/०९/१३ मा दर्ता भएको **बुढाथोकी मल खाद पसल ।** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने **देवहरि बुढाथोकी** व्यक्तिगत जमानी दिने **केशर बहादुर बुढाथोकी** **शर्मिला खडका** **बिष्णुकुमारी बुढाथोकी क्षेत्री** **सिमा कार्की** **बल बहादुर बुढाथोकी**	दल बहादुर बुढाथोकीको बुहारी, बखन सिहं अधिकारी क्षेत्रीको छोरी, केशर बहादुर बुढाथोकीको पत्नी, सर्लाही जिल्ला, साविक राजघाट गा.वि.स., वडा नं. ५ (हाल परिवर्तित वाग्मती न.पा., वडा नं. ६) बस्ने **बिष्णुकुमारी बुढाथोकी क्षेत्री**को नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला, साविक राजघाट गा.वि.स., वडा नं. १० सितापुर (हाल वाग्मती न.पा., वडा नं. ६) स्थित कित्ता नं. ३४१ को क्षेत्रफल ०–०–९–०, ऐ. साविक राजघाट गा.वि.स., वडा नं. १० नागपुर (हाल वाग्मती न.पा., वडा नं. ६) स्थित किता नं. २३२ को क्षेत्रफल ०–३–०–० (विघा) जग्गा समेत ।
शाखा कार्यालय : आरुघाट, गोरखा	
चन्द्र बहादुर भण्डारीको नाति, देवी बहादुर भण्डारीको छोरा, गोरखा जिल्ला, आरुघाट गा.पा., वडा नं. १० बस्ने **राजु भण्डारी ।** व्यक्तिगत जमानी दिने **मीन कुमारी भंडारी**	ऋणीको कर्जा तमसुक र प्रतिज्ञा पत्र ।
शाखा कार्यालय : दुधे, झापा	
१. शिवसताक्षी नगरपालिका, नगर कार्यपालिको कार्यालय, ब्याङ्गडाडा, झापामा प्रमाण पत्र संख्या ८ कायम भई मिति २०७७/१२/१२ मा दर्ता कायम भएको **कौशिल्या भेराइटी स्टोर एण्ड सप्लायर्स ।** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने **कौशिल्या देवी शाहु** व्यक्तिगत जमानी दिने **रतन तेली साहु भन्ने रतन लाल साहु** **शिव कुमार साह** **रूपेश कुमार शाह**	बुधलाल साहुको नाति, कासी साहुको छोरा, झापा जिल्ला, साविक पांचगाछी गा.वि.स., वडा नं. ५ को हाल परिवर्तित झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ०५ बस्ने **रतन तेली साहु** भन्ने **रतन लाल साहु**को नाममा दर्ता कायम रहेको साविक झापा जिल्ला, पाँचगाछी गा.वि.स., वडा नं. ५ को हाल परिवर्तित कोशी प्रदेश, झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ५ स्थित कित्ता नं. २२४३ को क्षेत्रफल ०–९–१०–० (विघा) जग्गा समेत ।
२. बुधलाल साहुको नाति, कासी साहुको छोरा, झापा जिल्ला, साविक पांचगाछी गा.वि.स., वडा नं. ५ को हाल परिवर्तित झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ०५ बस्ने **रतन तेली साहु भन्ने रतन लाल साहु ।** व्यक्तिगत जमानी दिने **शिव कुमार साह** **रूपेश कुमार शाह** **कौशिल्या देवी शाहु**	
शाखा कार्यालय : कुमारीपाटी, ललितपुर	
हरि कृष्ण श्रेष्ठको नाति, राम कृष्ण श्रेष्ठको छोरा, ललितपुर जिल्ला, साविक ललितपुर उ.म.न.पा., वडा नं. ९ बस्ने **रणदेव कृष्ण श्रेष्ठ ।**	ऋणीको कर्जा तमसुक र प्रतिज्ञापत्र ।
शाखा कार्यालय : चपुर, रौतहट	
राम चरित्र गिरीको नाति, ध्रुव कुमार गिरीको छोरा, रौतहट जिल्ला, साविक महमदपुर गा.वि.स., वडा नं. ८ को हाल परिवर्तित गरुडा न.पा., वडा नं. ५ बस्ने **राकेश गिरी ।** व्यक्तिगत जमानी दिने **किरण कुमारी गिरी** **ध्रुव कुमार गिरी** **जोतिया कुमारी**	१. राम चरित्र गिरीको नाति, ध्रुव कुमार गिरीको छोरा, रौतहट जिल्ला, साविक महमदपुर गा.वि.स., वडा नं. ८ को हाल परिवर्तित गरुडा न.पा., वडा नं. ५ बस्ने **राकेश गिरी**को नाममा दर्ता कायम रहेको साविक रौतहट जिल्ला, साविक महमदपुर गा.वि.स., वडा नं. ८क को हाल परिवर्तित गरुडा न.पा., वडा नं. ५ स्थित

बाँकि क्रमशः पेज नं. ७ मा

गत साता नेप्से घट्दा कारोबार रकम भने बढ्यो

अभियान संवाददाता

काठमाडौं

गत साता पाँच कारोबार दिनमा धितोपत्र दोस्रो बजारमा ४५ अर्ब ३९ करोड रुपैयाँ बराबरको ९ करोड ५० लाख ६८ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको छ । अघिल्लो साताको तुलनामा गत साता ६ अर्ब १ करोड रुपैयाँ बराबरको १ करोड ९३ लाख ९५ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

अघिल्लो साता पाँच कारोबार दिनमा ३९ अर्ब ३८ करोड रुपैयाँभन्दा बढीको ७ करोड ५६ लाख ७३ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको थियो । अघिल्लो साता औसतमा ७ अर्ब ८७ करोड रुपैयाँभन्दा बढीको १ करोड ५१ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता औसतमा ९ अर्ब ७ करोड रुपैयाँभन्दा बढीको १ करोड ९० लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

गत साता धितोपत्र दोस्रो बजार भने शून्य दशमलव ४८ प्रतिशत घटेको छ । अंकका हिसाबमा अघिल्लो साताभन्दा गत साता नेप्से परिसूचक १३ दशमलव १२ अंक तल झरेको हो । अघिल्लो साताको अन्तिम कारोबार दिन २ हजार ७४८ दशमलव शून्य ५ विन्दुमा रहेको नेप्से परिसूचक गत साताको अन्तिम कारोबार दिन भने २ हजार ७३४ दशमलव ९३ विन्दुमा बन्द भएको हो । गत साता पाँच कारोबार दिनमा बजार तीन दिन घटेको छ भने दुई दिन बढेको हो ।

पछिल्लो समय अल्पकालीन लगानीकर्ताले लिड गरिरहेको बजारमा दीर्घकालीन गति लिन बजारमा नयाँ गतिविधि नभएकाले पनि लगानीकर्ता उत्साहित हुन नसकेको भनाइ ब्रोकरहरूको छ । नवनियुक्त अध्यक्षले बोर्ड व्यवस्थापनसँगै समग्र धितोपत्र बजारको विकासका लागि नयाँ कार्यक्रम अघि सारे लगानीकर्ता उत्साहित हुने आकलन समेत ब्रोकरहरूले गरेका छन् ।

अघिल्लो साताको अन्तिम कारोबार दिन ४५ खर्ब ५६ अर्ब ३५ करोड ९३ लाख रुपैयाँ रहेको कुल बजार पूँजीकरण गत साताको अन्तिम कारोबार दिन १९ अर्ब ९१ करोड ६९ लाख रुपैयाँभन्दा बढीले घटेर ४५ खर्ब ३६ अर्ब ४४ करोड २३ लाख रुपैयाँ कायम भएको छ ।

गत साता पनि व्यापार समूहको परिसूचक सर्वाधिक वृद्धि

गत साताको कारोबारमा तीन समूहगत परिसूचकहरू मात्र बढ्दा व्यापार समूहको परिसूचक सर्वाधिक बढेको छ । गत साता अघिल्लो साताभन्दा व्यापार समूहको परिसूचक १९ दशमलव ९९ प्रतिशत बढेको छ । त्यस्तै, जीवन बीमा समूहको परिसूचक १ दशमलव ३८ प्रतिशत र जलविद्युत् समूहको परिसूचक १ दशमलव शून्य ३ प्रतिशत बढेको छ । दुई कम्पनी साल्ट ट्रेडिङ्ग र विशाल बजार कम्पनी मात्र सूचीकृत रहेको व्यापार समूहको परिसूचक विशाल बजार कम्पनीको शेयर मूल्य बढेसँगै उच्च दरमा बढेको हो ।

गत साता वित्त समूहका लगानीकर्ताले भने सर्वाधिक गुमाएका छन् । वित्त समूहको परिसूचक ७ दशमलव ४३ प्रतिशत घटेको हो ।

सातागत परिसूचकको तुलना

विवरण	गत साता	अघिल्लो साता	फरक	फरक प्रतिशत
नेप्से परिसूचक (अंक)	२,७३४.९३	२,७४८.०५	-१३.१२	-०.४८
सेन्सेटिभ इन्डेक्स (अंक)	४६४.०१	४७७.५०	-१३.४९	-२.८३
कारोबार रकम (रू. हजारमा)	४५,३९७,३४८.०७	३९,३८३,०३०.०५	६,०१४,३१८.०२	१५.२७
कारोबार कित्ता	९५,०६८,९५६.००	७५,६७३,९२८.००	१९,३९५,०२८.००	२५.६३
औसत कारोबार रकम (रू. हजारमा)	९,०७९,४६९.६१	७,८७६,६०६.०१	१,२०२,८६३.६०	१५.२७
औसत कारोबार कित्ता	१९,०१३,७९१.२०	१५,१३४,७८५.६०	३,८७९,००५.६०	२५.६३
कुल बजार पूँजीकरण (रू. दश लाखमा)	४,५३६,४४२.३८	४,५५६,३५९.३४	-१९,९१६.९६	-०.४४

साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन

विवरण	गत साता	अघिल्लो साता	फरक प्रतिशत
व्यापार	५,०७४.४७	४,२२९.१९	१९.९९
जीवन बीमा	१३,७५५.३५	१३,५६७.८८	१.३८
जलविद्युत्	३,६१५.९८	३,५७९.०३	१.०३
म्युचुअल फण्ड	२१.८४	२१.८६	-०.०९
होटल तथा पर्यटन	६,८५२.९६	६,८९६.५४	-०.६३
निर्जीवन बीमा	१३,०९३.४४	१३,१९१.१७	-०.७४
विकास बैंक	५,८१७.२१	५,८६१.१२	-०.७५
उत्पादन तथा प्रशोधन	६,७२६.५८	६,८२८.५६	-१.४९
लगानी	१०४.८३	१०६.८५	-१.८९
लघुवित्त	५,०५२.९२	५,१६१.८५	-२.११
अन्य	२,००३.८०	२,०५८.४३	-२.६५
बैंकिङ्ग	१,४४०.२६	१,४९२.६८	-३.५१
वित्त	३,३६७.९७	३,६३८.२५	-७.४३

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

कुमारी बैंकद्वारा कीर्तिपुरमा उद्यमी प्रशिक्षण कार्यक्रम

काठमाडौं (अस) । युएसएडसँगको साझेदारीमा कुमारी बैंकले कीर्तिपुरमा महिला उद्यमी प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । 'देशैभरि वर्षै भरि' कार्यक्रमअन्तर्गत उद्यमशीलता विकास एवं प्रवर्द्धनमा उद्यमी प्रशिक्षण अभियान सञ्चालन गरिरहेको बैंकले महिला सशक्तीकरण केन्द्र कीर्तिपुरसँगको समन्वयमा उक्त कार्यक्रम गरेको हो । वित्तीय ज्ञान, शीप, मनोवृद्धि तथा व्यवहार विकासबाट मात्रै व्यावहारिक रूपमा उद्यमशीलता प्रवर्द्धन तथा विकास हुने विश्वास बैंकको छ । बैंकले यस अभियानमा सर्वसाधारणको विषयगत संवेदनशीलतालाई सहजै बुझ्न सकिने गरी वित्तीय उद्यमी प्रशिक्षण, वित्तीय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारको अभिनयसहितका सन्देशमूलक भिडियो, सचेतनामूलक सन्देश विकास गरी प्रकाशन तथा प्रसारणसमेत गर्दै आएको छ ।

सानिमा बैंकको वार्षिकोत्सवमा रक्तदान कार्यक्रम

काठमाडौं (अस) । सानिमा बैंकको २०औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । सामुदायिक सेवा केन्द्र नक्साल तथा सामुदायिक प्रहरी सेवा केन्द्र नक्साल, ब्लड डोनर एशोसिएसन नेपाल (ब्लोदान) र कान्तिपुर अस्पताल तीनकुनेको प्राविधिक सहयोगमा बैंकले रक्तदान कार्यक्रम आयोजना गरेको हो । बैंकको मुख्य कार्यालय अगाडि रहेको नन्दीकेश्वर बगैंचा (नक्साल)मा आयोजित कार्यक्रममा स्थानीयवासी, प्रहरी र बैंकका कर्मचारीको सहभागिता थियो । बिहीवार बिहान ११ बजेदेखि शुरू भएको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेद्वारा सम्पूर्ण रक्तदातालाई धन्यवाद व्यक्त गरिएको थिए । सानिमा बैंकले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शैक्षिक छात्रवृत्ति तथा अन्य विभिन्न कार्यक्रम गर्दै आएको छ ।

अल्फा प्लस भेन्चर्स लिमिटेड
केन्द्रिय कार्यालय: का.म.न.पा.-१ नक्साल काठमाडौं
फोन नं.०१-५९१७५३८ Email:info@alphaplus.com.np

तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/०८/२३

आदरणीय शेयरधनी महानुभावहरु:

अल्फा प्लस भेन्चर्स लिमिटेडको मिति:२०८१/०८/१३ गते बसेको सञ्चालक समितिको ३९औं बैठकको निर्णय अनुसार यस कम्पनीको तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन २०६३ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति: २०८१ पौष १४ गते, आइतबार
समय: दिनको ४:०० बजे
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-०१, नक्साल, काठमाण्डौ ।

छलफलका बिषयहरु (एजेण्डा):

१. **साधारण प्रस्तावहरु**
क) सञ्चालक समितिका तर्फबाट पेश हुने आ.व.०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
ख) आ.व.०८०/०८१ को वासलात तथा नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
ग) चालु आ.व.०८१/०८२ को लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम लेखा परिक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
घ) कम्पनीको संचालक समितिका सदस्यहरुको निर्धारित पारिश्रमिक/भत्ता छलफल तथा पारित गर्ने सम्बन्धमा ।
ङ) विविध ।
२. **विशेष प्रस्तावहरु**
क) कम्पनीको नियमावलीको नियम ३८ को उप-नियम ३ संसोधन गर्ने सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०८/२३)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०६/३० को आर्थिक अभियान पत्रिकामा प्रकाशित** गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कुमारीपाटी शाखा, ललितपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०६/०१ मा दर्ता नं. १९८९२१/०७५/०७६ अन्तर्गत दर्ता भएको **उत्साह कन्स्ट्रक्सन प्रा.लि. ।**
ठेगाना : काठमाडौं जिल्ला टोखा न.पा. वडा नं १०, काठमाडौं ।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. लक्ष्मण भुसालको नाति, चन्द्र प्रसाद भुसालको छोरा, रुपन्देही जिल्ला पडसरी गा.पा. वडा नं. ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं १० बस्ने, ना.प्र.नं. १/४५९ (जारी मिति: २०४६/०१/१८, स्थान रुपन्देही) भएका **रमा कान्त भुसाल ।**
२. मुक्तिराम आचार्यकी छोरी, चन्द्र प्रसाद भुसालकी बुहारी, रमा कान्त भुसालकी श्रीमती, रुपन्देही जिल्ला पडसरी गा.पा. वडा नं ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं १० बस्ने, ना.प्र.नं. २०८३ (जारी मिति: २०४५/०१/०९, स्थान रुपन्देही) भएकी **गोमा कुमारी आचार्य ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
रुपन्देही जिल्ला पडसरी गा.पा. वडा नं ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं १० बस्ने, **गोमा कुमारी आचार्य**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा नं. ०४ नक्सा सिट नं. ०४ मा अवस्थित कि.नं. २६९ क्षेत्रफल २-३-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

धितोमा रहेको सवारी साधनको विवरण:
१ . ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१७ भएको Ashok Leyland Tipper
२. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१५ भएको Ashok Leyland Tipper
३. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१९ भएको Ashok Leyland Tipper
४. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७२० भएको Ashok Leyland Tipper
५. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१६ भएको Ashok Leyland Tipper
६. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९७१८ भएको Ashok Leyland Tipper
७. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना १ क ९९४१ भएको Excavator.
८. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ७७४ भएको Tata Tipper.
९. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ७७५ भएको Tata Tipper.
१०. ऋणी **उत्साह कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५५० भएको Tata Tipper.

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **कुमारीपाटी शाखा, ललितपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०९/०७ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **कुमारीपाटी शाखा, ललितपुर**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/०८ गते ३:०० बजे बैंकको **कुमारीपाटी शाखा, ललितपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **कुमारीपाटी शाखा, ललितपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

पेज नं. ६ को बाँकि

ऋणीहरुको नाम	धितोको विवरण
	कित्ता नं. २२५६ को क्षेत्रफल ०-०-१$^{१/४}$,ऐ.ऐ. कित्ता नं. २२५८ को क्षेत्रफल ०-०-१७ (विघा) जग्गा समेत । २. बा.प्र.०३-००१ख१३२१ को इन्जिन नं. BAJZK23786, चेसिस नं. MA1PFA HBCJ6K99662 को Mahindra and Mahindra भाडा ट्रक ।
शाखा कार्यालय : चावहिल, काठमाण्डौ	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता संरक्षण निदेंशनालय, घरेलु तथा साना उद्योग विभागमा प्रा.फ.र.नं. १५४७२३। ०७६।०७७ कायम भई मिति २०७७/०३/२२ मा दर्ता भएको **सी ओजस सप्लायर्स ।** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने **बालकृष्ण श्रेष्ठ** व्यक्तिगत जमानी दिने **सरिता प्रधान**	लाल बहादुर प्रधानको नातिनी, गणेश बहादुर प्रधानको छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ९ को बस्ने **सरिता प्रधान**को नाममा दर्ता कायम रहेको साविक ललितपुर जिल्ला, चापागाउँ गा.वि.स., वडा नं. ७क को हाल परिवर्तित ललितपुर जिल्ला, गोदावरी न.पा., वडा नं. १० स्थित कित्ता नं. १४८८ को क्षेत्रफल ०-४-३-२, ऐ.ऐ. कित्ता नं. १४४९ को क्षेत्रफल ०-२-३-०, ऐ.ऐ. कित्ता नं. १६४५ को क्षेत्रफल ०-३-०-३, ऐ.ऐ. कित्ता नं. १६४४ को क्षेत्रफल ०-०-३-१, ऐ.ऐ. कित्ता नं. १४८६ को क्षेत्रफल ०-९-१-१, ऐ.ऐ. कित्ता नं. १५७५ को क्षेत्रफल ०-३-१-१ (रोपनी) को जग्गा समेत ।
शाखा कार्यालय : भैरहवा, लुम्बिनी	
१. तिलक बहादुर कार्कीको नाति, श्याम बहादुर कार्कीको छोरा, रुपन्देही जिल्ला, साविक परोंहा गा.वि.स., वडा नं. ५ हाल बुटवल उप म.न.पा., वडा नं. ११ बस्ने **विष्णुकुमार कार्की ।** व्यक्तिगत जमानी दिने **विजय कुमार कार्की** **जगत कृष्ण कार्की** **सुदीप बिक्रम कार्की**	तिलक बहादुर कार्कीको नाति, श्याम बहादुर कार्कीको छोरा, रुपन्देही जिल्ला, साविक परोंहा गा.वि.स., वडा नं. ५ (हाल बुटवल उ.म.न.पा., वडा नं. ११) बस्ने **विष्णुकुमार कार्की**को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. १३ स्थित कि.नं. ७१४९ को क्षेत्रफल ०-०-४.७५, ऐ. कि.नं. ७१५४ को क्षेत्रफल ०-०-३.७५ र ऐ. कि.नं. १११८ को क्षेत्रफल ०-१-० (बि.-क.-धु.) घरजग्गा समेत ।
२. नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ११६८३२/०७०/०७१ कायम भइ मिति २०७०/०६/२१ मा दर्ता भएको **नारायणी मनकामना ईंटा उद्योग प्रा. लि. ।** सञ्चालक तथा व्यक्तिगत जमानी दिने **विष्णुकुमार कार्की** व्यक्तिगत जमानी दिने **जगत कृष्ण कार्की** **प्रसन्न बिक्रम कार्की** **सुदीप बिक्रम कार्की** **सुनिल कार्की** **विजय कुमार कार्की**	१. माथि उल्लिखित ऋणी **विष्णुकुमार कार्की**को कर्जाको धितोको रुपमा रहेको अचल सम्पत्ति यस कर्जाको लागि समेत सुरक्षण कायम गरिएको । २. **नारायणी मनकामना ईंट्टा उद्योग प्रा. लि.** कोनाममा दर्ता कायम रहेको नवलपरासी (बर्द्धघाट सुस्ता पुर्व) जिल्ला, तम्सरिया गाविस-२घ स्थित कि.नं. १२ को क्षेत्रफल ०-३-९, ऐ कि.नं. ४८९ को क्षेत्रफल ०-०-१७, ऐ. कि.नं. ३१५ को क्षेत्रफल ०-६-०, ऐ. कि.नं. २०० को क्षेत्रफल ०-१७-१७, ऐ. कि.नं. ३१३ को क्षेत्रफल ०-५-०, ऐ. कि.नं. ३०८ को क्षेत्रफल ०-३-०, ऐ. कि.नं. ३१४ को क्षेत्रफल ०-१-०, ऐ. कि.नं. १० को क्षेत्रफल ०-६-१५-०.५, ऐ. कि.नं. ९ को क्षेत्रफल १-७-१३, ऐ. कि.नं. ३१२ को क्षेत्रफल ०-५-०, ऐ. कि.नं. ३१० को क्षेत्रफल ०-४-०, ऐ. कि.नं.३०९ को क्षेत्रफल ०-३-०, ऐ. कि.नं. ४०६ को क्षेत्रफल ०-३-०-०.२५, ऐ. कि.नं. ४०७ को क्षेत्रफल ०-३-०.२५, ऐ. कि.नं. ४०४ को क्षेत्रफल ०-१-०, ऐ. कि.नं. ४४० को क्षेत्रफल ०-२-०, ऐ. कि.नं. ४०८ को क्षेत्रफल ०-२-१, ऐ. कि.नं. ४०९ को क्षेत्रफल ०-५-२-०.५, ऐ. कि.नं. ४१० को क्षेत्रफल ०-५-० र ऐ. कि.नं. ४४१ को क्षेत्रफल ०-१-० (बि.-क.-धु.) जग्गा समेत । ३. तिलक बहादुर कार्कीको नातिहरु, श्याम बहादुर कार्कीको छोराहरु रुपन्देही जिल्ला, साविक परोंहा गा.वि.स., वडा नं. ५ बस्ने **बिजय कुमार कार्की र श्री जगत कृष्ण कार्की**को संयुक्त नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ५ स्थित कि.नं. ९३ को क्षेत्रफल ३५९.१५ वर्ग मिटर भएको घरजग्गा । ४. तिलक बहादुर कार्कीको नाति, श्याम बहादुर कार्कीको छोरा, रुपन्देही जिल्ला, साविक परोंहा गा.वि.स., वडा नं. ५ बस्ने **बिजय कुमार कार्की**को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ५ स्थित कि.नं. १९१ को क्षेत्रफल ४२.३२ वर्ग मिटर जग्गा ।
३. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १९८८७५/०७५/०७६ कायम भइ मिति २०७५/०६/०१ मा दर्ता भएको **देवी मनकामना ईंट्टा उद्योग प्रा. लि. ।** सञ्चालक तथा व्यक्तिगत जमानी दिने **जगत कृष्ण कार्की** **प्रसन्न बिक्रम कार्की** **सुदीप बिक्रम कार्की**	१. **देवी मनोकामना ईंटा उद्योग प्रा. लि.** को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला, साविक मक्हर गा.वि.स., वडा नं. १ (हाल परिवर्तित तिलोत्तमा न.पा., वडा नं. १० रुपन्देही) स्थित कि.नं. ४४७ को क्षेत्रफल १-५-६, ऐ. कि.नं. २८८ को क्षेत्रफल ०-१२-१४, ऐ. कि.नं. ४४६ को क्षेत्रफल १-५-६, ऐ. कि.नं. ४०० को क्षेत्रफल ०-४-१६.५०, ऐ. कि.नं. ३८८ को क्षेत्रफल ०-११-०, ऐ. कि.नं. ३९६ को क्षेत्रफल ०-३-१५.५, ऐ. कि.नं. २८२ को क्षेत्रफल ०-२-१२, ऐ. कि.नं. ३१० को क्षेत्रफल ०-०-१४, ऐ. कि.नं. ५३० को क्षेत्रफल ०-०-१५.५०, ऐ. कि.नं. ११०६ को क्षेत्रफल ०-१-१५, ऐ. कि.नं. ५२९ को क्षेत्रफल ०-०-१५.५०, ऐ. कि.नं. ११०४ को क्षेत्रफल ०-०-५.५०, ऐ. कि.नं. ११०९ को क्षेत्रफल १-१-८.५०, ऐ. कि.नं. ४०३ को क्षेत्रफल ०-४-८, ऐ. कि.नं. ३१६ को क्षेत्रफल ०-१९-०, ऐ. कि.नं. ३९४ को क्षेत्रफल ०-०-१४, ऐ. कि.नं. ४८९ को क्षेत्रफल ०-२-०, ऐ. कि.नं. ४५० को क्षेत्रफल ०-४-८, ऐ. कि.नं. ४९० को क्षेत्रफल ०-२-८, ऐ. कि.नं. ४५५ को क्षेत्रफल ०-४-०, ऐ. कि.नं. २७९ को क्षेत्रफल ०-३-७, ऐ. कि.नं. २८० को क्षेत्रफल ०-३-१०, ऐ. कि.नं. २८६ को क्षेत्रफल ०-४-२, ऐ. कि.नं. ४०२ को क्षेत्रफल ०-४-८, ऐ. कि.नं. १६७ को क्षेत्रफल ०-४

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.श्रे.हु.द.नं. २६/०६९/७०
आइतवार, २३ मङ्सिर २०८१ | Sunday, 8 December 2024
आर्थिक अभियान

'ओरेन्ज द स्कूल'

महिला हिंसाविरूद्ध एनसेल, साथी र जोन्टा क्लबको संयुक्त अभियान

काठमाडौं (अस) । एनसेल फाउन्डेसन, साथी संस्था र जोन्टा क्लब अफ काठमाडौंले लैंगिक हिंसा अन्त्य गर्ने आफ्नो साझा प्रतिबद्धता अघि बढाएका छन् । यो प्रतिबद्धता सार्थक बनाउन यी संस्थाहरूले संयुक्त रूपमा 'ओरेन्ज द स्कूल' अभियान सञ्चालन गरेका छन् । उक्त अभियान लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान र ग्लोबल जोन्टा 'सेज नो' अभियान अन्तर्गत आयोजना गरिएका कार्यक्रममध्ये एक हो । अभियानअन्तर्गत हालसम्म १० विद्यालयमा करीब १ हजार ५०० विद्यार्थीलाई प्रत्यक्ष रूपमा सहभागी गराइसकिएको बताइएको छ ।

कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थी र शिक्षकलाई लैंगिक हिंसा, बालविवाह, साइबर बुलिङ, साइबर सुरक्षा तथा डेटा प्राइभेसी जस्ता विषयमा जानकारी दिनु र सुरक्षित तथा समान वातावरण प्रवर्द्धनको महत्त्वबारे सचेतना जगाउनु रहेको छ। जोन्टा क्लब अफ काठमाडौंकी अध्यक्ष बिना रानाले भनिन्, 'ओरेन्ज द स्कूल' अभियानले विद्यालयमा यी मुद्दाबारे चेतना जगाउने र सामूहिक प्रयासबाट

अभियानअन्तर्गत हालसम्म १० विद्यालयमा करीब १ हजार ५०० विद्यार्थीलाई प्रत्यक्ष रूपमा सहभागी गराइसकिएको छ ।

सुरक्षित समुदाय निर्माणमा प्रेरणा दिने उद्देश्य राखेको छ ।'

'ओरेन्ज द स्कूल' अभियानले लैंगिक हिंसाविरुद्धको अभियानको माध्यमबाट विद्यालय स्तरमै सचेतना र छलफलको महत्त्वलाई उजागर गर्न मद्दत पुऱ्याएको एनसेलकी कर्पोरेट कम्युनिकेसन्स एन्ड सीएसआर हेड विशाखा लक्ष्मी खड्काले बताइन् ।

उक्त अभियानका क्रममा बालविवाह, साइबर सुरक्षा र घरेलु हिंसाबारे छलफल, भिडियो प्रदर्शन र अन्तरक्रियात्मक सत्रहरू विद्यालयहरूमा सञ्चालन भइरहेका छन् । यसले विद्यार्थी र शिक्षकलाई यी विषयमा बुझाइ र वकालत गर्न सक्षम बनाउने प्रयास गरेको बताइएको छ ।

'यो अभियानले जोन्टा क्लब काठमाडौं, साथी संस्था र एनसेल फाउन्डेसनको साझेदारीमा स्रोत र विशेषज्ञताको संयोजन गर्दै प्रभावलाई अधिकतम बनाउन सहयोग पुऱ्याएको छ,' जोन्टा क्लब अफ काठमाडौंको महिला हिंसा विरुद्धको समितिकी अध्यक्ष श्रीयुक्ता थपलियाले भनिन् ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८१/०८/२३

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक मिसन डेभलेपमेन्ट बैक लिमिटेड प्राप्ती भए पश्चात् तिनाउ मिसन डेभलेपमेन्ट बैक लिमिटेड)को शाखा कार्यालय तामनगर, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुलाई मिति २०८०/१०/१७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति २०८१/०१/२७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो १५ (पन्ध्र)) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय तामनगर रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा

ऋणीको नाम : नविन इन्जिनियरिङ
रजिष्टर्ड ठेगाना : बुटवल उप.म.न.पा. वडा नं. १६, रुपन्देही
रजिष्ट्रेसन नं. : ८३१८।०६८।०६९ (नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगर)
पान /भ्याट नं. : ३०५३५२०१७

फर्मको प्रोप्राईटरको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: टिका देवी विश्वकर्मा	१. नाम	: मान बहादुर विश्वकर्मा
बाबु	: देउ पति सुनार	बाबु	: कर्ण बहादुर विश्वकर्मा
पति	: मान बहादुर विश्वकर्मा	बाजे	: लिला बहादुर विश्वकर्मा
ससुरा	: कर्ण बहादुर विश्वकर्मा	पत्नी	: टिका देवी विश्वकर्मा
ठेगाना	: मैनहिया गा.वि.स. वडा नं. १, रुपन्देही	ठेगाना	: बुटवल उप.म.न.पा वडा नं. १६, रुपन्देही
हाल	: बुटवल उप.म.न.पा, वडा नं. १६, रुपन्देही	हाल	: बुटवल उप.म.न.पा, वडा नं. १६, रुपन्देही
ना.प्र.नं.	: १६१४७	ना.प्र.नं.	: २।२८२७
जारी मिति	: २०६०/१२/३०	जारी मिति	: २०४६/१२/१७
जि.प्र.का.	: रुपन्देही	जि.प्र.का.	: रुपन्देही
२. नाम	: कृष्ण बहादुर विश्वकर्मा	३. नाम	: जय नारायण मुराउ
बाबु	: मान बहादुर विश्वकर्मा	बाबु	: सन्तराम मुराउ
बाजे	: कर्ण बहादुर विश्वकर्मा	बाजे	: विष्णु मुराउ
ठेगाना	: केरवानी गा.वि.स. वडा नं. ६, रुपन्देही	ठेगाना	: ख. बनगाई गा.वि.स. वडा नं. ६, रुपन्देही
हाल	: बुटवल उप.म.न.पा, वडा नं. १६, रुपन्देही	हाल	: शुद्धोधन गा.पा, वडा नं. ०२, रुपन्देही
ना.प्र.नं.	: ३७।००२/२८६९०	ना.प्र.नं.	: ३६४८९
जारी मिति	: २०६७/०६/०६	जारी मिति	: २०६३/०२/१०
जि.प्र.का.	: रुपन्देही	जि.प्र.का.	: रुपन्देही

२. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक कर्जा-आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: टिका देवी विश्वकर्मा	१. नाम	: मान बहादुर विश्वकर्मा
बाबु	: देउ पति सुनार	बाबु	: कर्ण बहादुर विश्वकर्मा
पति	: मान बहादुर विश्वकर्मा	बाजे	: लिला बहादुर विश्वकर्मा
ससुरा	: कर्ण बहादुर विश्वकर्मा	पत्नी	: टिका देवी विश्वकर्मा
ठेगाना	: मैनहिया गा.वि.स. वडा नं. १, रुपन्देही	ठेगाना	: बुटवल उप.म.न.पा वडा नं. १६, रुपन्देही
हाल	: बुटवल उप.म.न.पा, वडा नं. १६, रुपन्देही	हाल	: बुटवल उप.म.न.पा, वडा नं. १६, रुपन्देही
ना.प्र.नं.	: १६१४७	ना.प्र.नं.	: २।२८२७
जारी मिति	: २०६०/१२/३०	जारी मिति	: २०४६/१२/१७
जि.प्र.का.	: रुपन्देही	जि.प्र.का.	: रुपन्देही

माथि उल्लेखित ऋणीहरु नविन इन्जिनियरिङ र टिका देवी बिश्वकर्मा ले लिएको ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण:
धितो सुरक्षण धनीको नाम :- टिका देवी बिश्वकर्मा

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल(वि.क.धु)	कैफियत
१.	रुपन्देही	सेमलार	४/४घ	७८४	०-०-७	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।
२.	रुपन्देही	सेमलार	४/४घ	९१३	०-०-७	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, काठमाडौं वा शाखा कार्यालय तामनगर रुपन्देहीमा समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८१/०९/०८ गते, सोमबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, तामनगर, रुपन्देही ।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznb ank.com, ०१-५९७००६८

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौंको बबरमहलमा नेपाल आयल निगमको निर्माणाधीन नयाँ भवन अगाडिबाट ग्यास सिलिण्डर बोकेर जाँदै साइकलचालक । करीब ८० करोड रुपैयाँ लागतमा सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त भवनको निर्माण २०७८ पुसमा शुरू गरिएको थियो ।

सिमेन्टको मूल्यवृद्धिप्रति निर्माण व्यवसायीको चिन्ता

सरकारले बक्यौता भुक्तानी तत्काल दिनुपर्ने माग

काठमाडौं (अस) । सरकारले कामको भुक्तानी नगरेका बेला सिमेन्ट उद्योगहरूले सिमेन्टको मूल्य बढाउँदा निर्माण व्यवसायी थप समस्यामा परेको नेपाल निर्माण व्यवसायी महासंघले बताएको छ । बक्यौता भुक्तानी नपाउँदा निर्माण क्षेत्र समस्यामै रहेको र सिमेन्टको मूल्यवृद्धिले व्यवसायी थप मर्कामा परेको महासंघका अध्यक्ष रवि सिंहले बताएका हुन् । उनका अनुसार सिमेन्टको मूल्य बोरामै २०० रुपैयाँसम्म बढेको छ । नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले शनिवार आयोजना गरेको छलफलमा अध्यक्ष सिंहले सरकारले कामको भुक्तानी नगर्दा बैंकको ब्याज तिर्न गाह्रो भएको बताए ।

'राष्ट्र बैंकले ऋणको साँवा र ब्याज तिर्ने अवधि मङ्सिर मसान्तसम्म थप गरेको थियो । तर, अहिलेसम्म हामीले भुक्तानी पाउन सकेका छैनौं । त्यो अवस्थामा मङ्सिरभित्र ऋण तिर्न सक्ने अवस्था छैन,' उनले भने, 'सरकारले भुक्तानी तत्काल गर्ने संकेत गरेको छैन । राष्ट्र बैंकले पनि मौद्रिक नीतिको समीक्षाबाट यो विषयलाई सम्बोधन गरेको छैन । मङ्सिरभित्र ऋण तिर्नुपर्ने दबाब छ । यसमा सरकारको ध्यान दिनुपर्छ ।'

नेपाल निर्माण व्यवसायी महासंघका कानूनी सल्लाहकार तथा वरिष्ठ अधिवक्ता टंकप्रसाद दुलालले आयोजना निर्माणको वस्तुस्थिति, आवश्यकता तथा औचित्यको आधारमा ठेक्काको म्याद थप गरिनुपर्ने बताए । पटकपटक नियमावली संशोधन गर्दा पनि म्याद थप लगायत समस्या समाधान हुन नसकेको भन्दै उनले यसबारे नियमावलीबाटै स्पष्ट मापदण्ड तोक्नुपर्ने औंल्याए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले वन, जग्गा प्राप्ति, रुख कटानी जस्ता विषयका कारण पनि निर्माण कार्यमा समस्या भइरहेको बताए । उनका अनुसार जलविद्युत् परियोजनाको निर्माणमा पनि यस्तो समस्या देखिएको छ । परियोजनाको निर्माण शुरू हुनुअघि नै वन, जग्गा प्राप्ति, रुख कटानी जस्ता विषयमा आउने समस्या समाधान गर्नुपर्नेमा उनले जोड दिए ।

सडक विभागका महानिर्देशक रामहरि पोखरेलले प्राथमिकताका आधारमा निर्माण व्यवसायीको भुक्तानी गरिने बताए । तर, यो अर्थ मन्त्रालयमा निर्भर हुने उनको भनाइ छ । अर्थ मन्त्रालयले जति छिटो निकासा गर्छ, त्यति छिटो निर्माण व्यवसायीलाई भुक्तानी गर्न सकिने उनले बताए ।

सार्वजनिक खरीद अनुगमन कार्यालयका सहसचिव विष्णुप्रसाद शर्माले सार्वजनिक खरीद नियमावली १४औं पटक संशोधन गर्नुपर्ने अवस्था आएको बताए । उक्त नियमावली १३औं पटक संशोधन गर्दा पनि खरीद सम्बन्धी समस्या समाधान हुन नसकेको उनको भनाइ छ ।

नेपाल सरकारका पूर्वसचिव अर्जुन जंग थापाले पूर्वाधारसम्बन्धी केही आयोजनालाई 'दुहुनो गाई' नै बनाउने गरिएको बताए । आयोजनालाई व्यक्तिगत स्वार्थअनुरूप कमाउने भाँडो बनाइएको उनको भनाइ छ । यस्तै, न्यून बजेटमा हतारमा ठेक्का सम्झौता गर्दा निर्माणमा धेरै समस्या आएको उनले बताए । राम्रोसँग डिजाइन गरी उपयुक्त बजेट बिनियोजन पनि गर्नुपर्ने उनको भनाइ छ । पछिल्लो समय कायम भुक्तानीको समस्यालाई सरकारले गम्भीर रूपमा लिनुपर्नेमा उनले जोड दिए ।

बक्यौता भुक्तानी साताभित्रै हुन्छ : अर्थमन्त्री पौडेल

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले एक साताभित्र निर्माण व्यवसायीको बक्यौता भुक्तानी गरिने उद्घोष गरेका छन् । निर्माण व्यवसायीले काम सम्पन्न गरेर पनि अर्बौं रुपैयाँ भुक्तानी पाउन नसकेका बेला मन्त्री पौडेलले यस्तो दाबी गरेका हुन् । 'निर्माण व्यवसायीको भुक्तानी बाँकी कुन कुन मन्त्रालय र निकायमा छ, ती निकायमा जानुस्, भुक्तानी हुनेछ । ढिलोमा पनि एक सातामा सबै भुक्तानी हुनेछ । त्यसरी पनि भुक्तानी पाउनु भएन भने मकहाँ आउनुस्, छलफल गरी उचित निकास निकाल्नेछौं,' उनले भने, 'तर, बक्यौता कति हो भन्नेमा अन्योल छ । मेरो तथ्यांक एउटा छ । तपाईंहरूले भन्ने गरेको बक्यौता रकम फरक छ । बक्यौता कहाँ कति हो, निर्क्योल गर्नुस् । भुक्तानीको समस्या हुँदैन ।'

निर्माण व्यवसायीले ऋण तिर्नुपर्ने म्याद यही मङ्सिर मसान्तसम्म रहेको छ । अर्थमन्त्री पौडेलले ऋण भुक्तानीका लागि म्याद थप गर्ने विषयमा नेपाल राष्ट्र बैंकसँग छलफल गरेर समाधान खोजिने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

मधेशमा बढ्यो धान उत्पादन

जनकपुरधाम । मधेश प्रदेशमा गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा दुई लाख पाँच हजार दुई सय ५१ मेट्रिकटन बढी धान उत्पादन भएको छ । मधेश प्रदेशका कृषि प्रसार अधिकृत रोशनकुमार मेहताका अनुसार चालू आर्थिक वर्षमा प्रदेशमा १५ लाख दुई हजार चार सय ५८ मेट्रिकटन धान उत्पादन भएको छ । गत आर्थिक वर्षमा १२ लाख ९६ हजार ६ सय ७ मेट्रिकटन धान उत्पादन भएको थियो ।

रोपाइँ र त्यसपछिको समयमा पानी परेको र मल-बीउ समयमै उपलब्ध भएकाले धान उत्पादन बढेको मेहताले बताए । गतवर्षको तुलनामा यस वर्ष पाँच हजार दुई सय हेक्टर बढी जमीनमा धानखेती गरिएको थियो । गतवर्ष प्रतिहेक्टर तीन दशमलव ५० मेट्रिकटन धान उत्पादन भएको थियो भने चालू आवमा प्रतिहेक्टर चार मेट्रिकटन उत्पादन भएको छ ।

धान उत्पादन सबैभन्दा बढी सप्तरीमा र सबैभन्दा कम रौतहटमा भएको छ । सप्तरीमा दुई लाख ६१ हजार एक सय २० मेट्रिक टन, रौतहटमा एक लाख ५० हजार चार सय ८० मेट्रिकटन, पर्सामा एक लाख ८४ हजार सात सय ४९ मेट्रिकटन, सर्लाहीमा एक लाख ८२ हजार एक सय ६० मेट्रिकटन र धनुषामा एक लाख ६६ हजार दुई सय ६० मेट्रिकटन धान उत्पादन भएको छ । महोत्तरीमा एक लाख ६७ हजार सात सय ७० मेट्रिकटन, सिरहामा दुई लाख ९ हजार पाँच सय २० मेट्रिकटन र बारामा एक लाख ८० हजार तीन सय मेट्रिकटन धान उत्पादन भएको अधिकृत मेहताले जानकारी दिए । यसैबीच, प्रदेशस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरीद प्रक्रिया शुरू गरेको जनाएको छ । *रासस*

गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा दुई लाख पाँच हजार दुई सय ५१ मेट्रिकटन बढी धान उत्पादन भएको छ ।

तथ्यांकोवाच

छिमेकीको आर्थिक समृद्धिबाट फाइदा लिन आवश्यक

चीन र भारतले विगत ४४ वर्षमा अर्थतन्त्रमा ठूलो फड्को मारेका छन्। सन् २०२४ मा चीनको तुलनामा नेपालको कुल गार्हस्थ्य उत्पादन करीब शून्य दशमलव २ प्रतिशत र भारतको तुलनामा करीब शून्य दशमलव ७ प्रतिशत रहेको छ । नेपालको जनसंख्या, क्षेत्रफल आदिलाई हेर्दा यस आँकडाले यी विशाल अर्थतन्त्रका लाभ लिन नेपालले सकिरहेको छैन ।

नेपाल, चीन र भारतको कुल गार्हस्थ्य उत्पादन मूल्य (अर्ब अमेरिकी डलर)

देश	चीन	भारत	नेपाल
१९८०	३०३	१८६	२
१९८१	२८९	१९३	३
१९८२	२८५	२००	३
१९८३	३०५	२१८	३
१९८४	३१४	२१२	३
१९८५	३१०	२३४	३
१९८६	३०१	२४८	३
१९८७	३२८	२७९	४
१९८८	४०९	२९४	४
१९८९	४५८	२९६	४
१९९०	३९७	३२१	४
१९९१	४१३	२७०	५
१९९२	४९२	२८८	४
१९९३	६१७	२७९	५
१९९४	५६२	३२७	५
१९९५	७३१	३६०	५
१९९६	८६०	३९३	६
१९९७	९५८	४१६	६
१९९८	१०२४	४२१	६
१९९९	१०८८	४५९	६
२०००	१२०६	४६८	७
२००१	१३३४	४८५	७
२००२	१४६६	५१५	७
२००३	१६५७	६०८	७
२००४	१९४९	७०९	८
२००५	२२९०	८२०	९
२००६	२७५४	९४०	१०
२००७	३५५६	१२१७	१२
२००८	४५७७	११९९	१४
२००९	५०८९	१३४२	१५
२०१०	६०३४	१६७६	१८
२०११	७४९२	१८२३	२२
२०१२	८५४०	१८२८	२२
२०१३	९६२५	१८५७	२२
२०१४	१०५२४	२०३९	२३
२०१५	१११११४	२१०४	२४
२०१६	११२२७	२२९५	२५
२०१७	१२२६५	२६५१	२९
२०१८	१३८४२	२७०३	३३
२०१९	१४३४१	२८३६	३४
२०२०	१४८६३	२६७५	३३
२०२१	१७७५९	३१६७	३७
२०२२	१७८४९	३३५३	४१
२०२३	१७७५८	३५६८	४१
२०२४	१८२७३	३८८९	४४
२०२५	१९५३५	४२७२	४८
२०२६	२०८११	४७१०	५३
२०२७	२२०५१	५१९४	५८
२०२८	२३३२०	५७२३	६४
२०२९	२४५९०	६३०७	७०

स्रोत : आइएमएफ

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर